मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ३ • अंक १७० • २०८२ साल वैशाख २१ गते आइतबार • Sunday 04, May 2025 • सूर्योदयः बिहान ५:२५ बजे • सूर्यास्तः साँझ ६:४० बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## कृषिको यान्त्रिकिकरणमा जोड

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा कृषिलाई यान्त्रिकिकरण गर्नुपर्नेमा सहभागीहरुले जोड दिएका छन् । कृषिसम्बन्धी उपकरणको बिक्रीवितरण गर्दै आएको त्रिशक्ति ट्रेडर्स र देवकी ट्रेडर्सको संयुक्त आयोजनामा सम्पन्न ग्राहकसँग भेटघाट तथा अन्तरक्रियामा सहभागीहरुले कृषिलाई यान्त्रिकिकरण नगरेसम्म उत्पादनमा वृद्धि गर्न नसकिने बताए । त्रिशक्ति ट्रेडर्सका प्रबन्ध निर्देशक रबिकुमार साहले कृषिसम्बन्धी उपकरणबारे ग्राहकको प्रतिक्रिया र सुझाव संकलन गर्ने अभिप्रायले कार्यक्रम गरिएको बताए । वीरगञ्ज तथा आसपासका ग्राहकले आफूहरुले प्रयोग गर्दै आएका कृषि उपकरणको अनुभव सुनाएका थिए । नेपालका लागि आधिकारीक बिक्रेता भएर देशभर १४ डिलरमार्फत रोटाभेटर, थ्रेसर, हार्बेस्टर कम्बाइनलगायतका कृषि उपकरण बिक्री वितरण गर्दै आएको त्रिशक्ति ट्रेडर्सका राहुल साहले जानकारी दिए । उनकाअनुसार ३ वर्षको वारेन्टीसहित उपकरण तथा स्पेयर्स पार्ट पनि उपलब्ध छ ।

# अनिर्वाचित र वंश परम्परा एमालेले स्वीकार्दैनः पोखरेल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष एवम् पूर्व उपप्रधानमन्त्री ईश्वर पोखरेलले नेकपा एमाले जननिर्वाचित शासनसत्ताका पक्षमा रहेको बताएका छन् । मधेश प्रदेशको राजधानी जनकपुरधाममा शनिबारदेखि शुरु भएको नेकपा एमाले धनुषाको आठौँ जिल्ला अधिवेशनमा पोखरेलले लोकतन्त्र अनिर्वाचित शासनसत्ता र वंशपरम्परामा आधारित शासन नभएको बताउँदै नेपालमा 'श्री ५ प्रणाली' फिर्ता गर्ने प्रयासविरुद्ध एमाले एक्लै भए पनि उभिइरहने बताए । उनले यस्तो सत्ता एमालेका लागि कहिल्यै पनि स्वीकार्यको विषय नहुने दोहो¥याए ।

पोखरेलले मुलुकको वर्तमान सङ्घीय लोकतान्त्रिक व्यवस्थामा वशंवादको कुनै स्थान नरहेको बताए । उनले पूर्वराजालाई स्थान चाहिन्छ भने सर्वसाधारण नागरिक भएर जनतासमक्ष आउनुपर्ने र निर्वाचनमा भाग लिनुपर्ने विचार व्यक्त गरे । राजावादीका नाममा देशमा अशान्ति फैलाउन नहुने भन्दै त्यस्ता गतिविधि गर्नेलाई लोकतान्त्रिक शक्तिले सफल हुन नदिने वरिष्ठ उपाध्यक्ष पोखरेलले दाबी गरे । जनताको सङ्घर्ष, त्याग, तपस्या तथा आन्दोलनबाट मुलुकमा लोकतन्त्रको स्थापना भएको उल्लेख गर्दै पोखरेलले आमनागरिक राजतन्त्रको पक्षमा नरहने बताए ।

'देश संकटमा रहेका बेला एमालेले नेपाली कांग्रेससँग सहकार्य गर्दै आएको इतिहास छ, पटकपटक सरकार परिवर्तन भएर देशमा अस्थिरता बढेपछि स्थायित्व दिन एमालेले नेपाली कांग्रेससँग सहकार्य गरेको हो,' पोखरेलले भने, '२००७ सालमा पनि राणाविरुद्ध कांग्रेससँग सहकार्य भएको थियो, एमालेले २०१५ सालमा पनि कांग्रेससँग प्रतिस्पर्धा गरेर २०१७ सालमा पञ्चायती व्यवस्थाको विरुद्ध र २०४७ सालमा राजाविरुद्ध अनि २०७२ मा संविधान जारी गर्ने बेला कांग्रेस–एमाले एक ठाउँमा थिए ।' उनले कांग्रेससँग सहकार्य र प्रतिस्पर्धा भइरहने बताए । 'यतिबेला कांग्रेससँग सहकार्य भए पनि २०८४ मा कांग्रेससँगै प्रतिस्पर्धा रहनेछ,' पोखरेलले भने ।

पोखरेलले विगतका तुलनामा वर्तमान नेपालको विकासको गति उल्लेखनीय रहेको दाबी गर्दै भने, 'पञ्चायतकालमा २५ हजार किलोमिटर कालोपत्रे सडक थियो । अहिले त्यो एक लाख १० हजार किलोमिटर पुगेको छ । शिक्षा, स्वास्थ्य, सञ्चार, पूर्वाधार जस्ता क्षेत्रमा आमूल परिवर्तन भएको छ । यसबारे जनतालाई सही तथ्यसँग परिचित गराउन जरुरी छ ।'

उनले विगतमा भएका कामकाज समीक्षा गर्दै सर्वसम्मत नेतृत्व चयन गर्न नेता कार्यकर्तालाई अपिल गरे । योग्यबाट योग्यतम छनौट गर्न कुनै पनि नेताको हस्तक्षेप नहुने उनको तर्क थियो । नेकपा एमाले कुनै जातीय संगठन नभएर वैचारिक संगठन भएकाले जनताका साथमा उभिन आफ्ना नेता कार्यकर्तालाई आग्रह गरे ।

कार्यक्रममा गृहजिल्लाका नेता एवम् नेकपा एमालेका सचिव तथा पूर्वउपप्रधानमन्त्री रघुवीर महासेठले संघीय लोकतान्त्रिक गणतन्त्रमा विभिन्न क्षेत्रमा विकासका कामले गति लिएको बताए । उनले एमाले मधेशमैत्री र विकासमैत्री पार्टी भएको उल्लेख गरे । उनले गणतन्त्रवादी शक्तिले विकास गरेन भनेर राजावादीले झुठो प्रचारबाजी गरिरहेको बताए । यस्तै, एमाले मधेश प्रदेशका इन्चार्ज लीलानाथ श्रेष्ठले सुनकोशी–कमला डाइभर्सन आयोजना तथा चुरे संरक्षणको मुद्दालाई प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरिसकेको जानकारी दिए । जिल्ला इन्चार्ज तथा पोलिटब्युरो सदस्य जुली कुमारी महतोले मधेश प्रदेशको कृषि, शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा एमालेले नेतृत्वदायी भूमिका खेल्नुपर्ने आवश्यकता औँल्याइन् ।

नेकपा एमालेका जिल्ला अध्यक्ष राजकिशोर यादवको अध्यक्षतामा भएको उद्घाटन शत्रमा केन्द्रीय सदस्य उमाशंकर अरगरिया, हरिनारायण महतो, मधेश प्रदेश अध्यक्ष चन्देश्वर मण्डलसहितका नेताले धारणा राख्दै अधिवेशन सफलताको शुभकामना दिएका थिए । ६ सय ५० भन्दा बढी प्रतिनिधि सहभागी अधिवेशनको बन्द शत्र आइतबार बिहान ८ बजेबाट शुरु हुनेछ । अधिवेशन सोमबार सकिने छ । पाँच पदाधिकारीसहित १ सय ३५ सदस्यीय जिल्ला कार्यसमितिका लागि सहमतिको प्रयास गरिने र सहमति नभए निर्वाचन प्रक्रियाबाट नेतृत्व चयन गरिने एमालेले जनाएको छ । अध्यक्ष पदका लागि हालका अध्यक्ष राजकिशोर यादवसहित उपाध्यक्ष भोला यादव, सचिव तेजनारायण यादव र सन्तोष यादव मुख्य आकांक्षीका रूपमा देखा परेका छन् । जिल्ला अध्यक्ष यादव पूर्व कांग्रेस उपसभापति हुन् । उनी गत निर्वाचनको पूर्वसन्ध्यामा एमालेमा प्रवेश गरेका थिए । एमालेका शीर्ष नेताले अधिवेशनमा सर्वसम्मत नेतृत्व चयन गर्न आग्रह गरेका छन् । धनुषामा पार्टीका १४ हजार १ सय ३३ क्रियाशील कार्यकर्ता छन् ।

# लक्ष्य ६० अर्ब
## नौ महिनामा पौने ३७ अर्ब

**मधेशदृष्टि**
**वीरगंज ।**
सिर्सियास्थित वीरगंज सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको नौ महिनामा ३६ अर्ब ८३ करोड ५८ लाख ४८ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । कार्यालयले यो अवधिमा वार्षिक लक्ष्यको ६१ दशमलव ३४ प्रतिशत राजस्व सङ्कलन गरेको हो । सूचना अधिकारी युवराज भट्टराई पछिल्ला महिना राजस्व सङ्कलनमा बढोत्तरी हुँदै गएको बताउँछन् ।

कार्यालयले साउनमा तीन अर्ब ७५ करोड रुपैयाँ, भदौमा चार अर्ब ६४ करोड रुपैयाँ, असोजमा चार अर्ब ३६ करोड रुपैयाँ, कात्तिकमा तीन अर्ब ७९ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको थियो । त्यस्तै मङ्सिरमा तीन अर्ब २२ करोड रुपैयाँ, पुसमा तीन अर्ब ५६ करोड रुपैयाँ, माघमा चार अर्ब २९ करोड रुपैयाँ, फागुनमा चार अर्ब ६८ करोड रुपैयाँ र चैतमा चार अर्ब ५० करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ । भन्सार विभागले कार्यालयलाई वर्षभरमा ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको छ ।

# 'जानकी जन्मोत्सवलाई राष्ट्रिय पर्व बनाऊ'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जानकी जन्मोत्सवलाई राष्ट्रि पर्वको मान्यता दिन माग गर्दै जनकपुरधाममा दबाबमूलक ¥याली भएको छ । शनिबार जानकी मन्दिर परिसरबाट शुरु भएको ¥यालीमा साधु–सन्त, धर्मगुरु, विभिन्न धार्मिक संघसंस्था, नागरिक समाजका प्रतिनिधि तथा सर्वसाधारण सहभागी थिए ।

उनीहरुले 'जननी जानकीको अपमान किन?', 'जानकी नवमीलाई राष्ट्रिय बिदा घोषणा गर', 'हाम्रो आस्था–हाम्रो अधिकार', 'जानकी जन्मभूमिलाई राष्ट्रिय गौरव बनाऊ'लगायतका माग राखेर ¥याली गरेका थिए । जानकी नवमी अर्थात् वैशाख २३ गते राष्ट्रिय बिदा घोषणा गर्न माग गरेका थिए ।

जानकी मन्दिरका सहायक महन्थ रामरोशन दासले ¥याली नेतृत्व गर्दै संघीय सरकारको चासोहीनतामा आक्रोश व्यक्त गरे । उनले भने, 'जानकीको जन्मोत्सव हाम्रो धार्मिक, सांस्कृतिक र ऐतिहासिक अस्तित्वसँग प्रत्यक्ष जोडिएको पर्व हो । बुद्ध जयन्तीमा बिदा हुन्छ । तर, जानकी नवमीमा किन हुँदैन ? यो धार्मिक भेद्भाव हो । आस्थाको अपमान हो ।'

महन्थ दासले जानकी नवमीको महत्व मिथिला वा तराईको सीमामा मात्र नदेखी सम्पूर्ण भारत–नेपालको साझा सांस्कृतिक परम्परासँग जोडिएको उल्लेख गरे । 'राम जन्मभूमि अयोध्यालाई जति महत्त्व दिइन्छ, जानकी जन्मभूमि जनकपुरलाई पनि त्यत्तिकै सम्मान मिल्नुपर्छ,' उनले भने । उनका अनुसार जानकी नवमी हिन्दू धर्मावलम्बीका लागि अत्यन्तै पवित्र अवसर हो । यसअघि वैशाख ७ गते साधुसन्तहरूको टोलीले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत प्रधानमन्त्रीलाई सम्बोधन गरेर ज्ञापनपत्र बुझाएका थिए । ज्ञापनपत्रमा पनि जानकी नवमीमा प्रत्येक वर्ष राष्ट्रिय बिदा दिन र जनकपुरलाई राष्ट्रिय गौरवको सूचीमा राख्न माग गरिएको छ ।

# कांग्रेसका विभागिय प्रमुख तथा सचिवलाई अभिमुखिकरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेस मधेश प्रदेशका पदाधिकारी तथा विभागीय प्रमुखलाई एकदिने अभिमुखिकरण गरिएको छ । मधेश प्रदेशका विभागीय प्रमुखको अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेसका मधेश प्रदेश सभापति कृष्ण यादवले प्रदेशको आठ वटै जिल्लाको सबै स्थानीय तहमा संगठन चलायमान बनाई पार्टीको संगठनात्मक कार्य बलियो बनाउनुपर्नेमा जोड दिए ।

पार्टीमा लागेका नेता र कार्यकर्तालाई पूर्ण इमानदारीका साथ काम गर्न निर्देशन दिँदै प्रदेश सभापति यादवले मधेशमा नेपाली कांग्रेसलाई बलियो बनाउनुका साथै पहिलो पार्टीका रुपमा स्थापित गराउनुपर्ने दायित्व रहेको बताए । उनले विभिन्न बहानामा मधेश प्रदेशमा भइरहेका बेथिति चिर्दै कांग्रेसको मूलमन्त्र अंगीकार गरेर अघि बढ्नुपर्ने जिकिर गर्दै व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर पार्टीको हित एवम् भलो कसरी हुन्छ, त्यसतर्फ जागरुक भएर संगठनका कार्य विस्तार गर्न निर्देशन पनि दिए ।

प्रदेश महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठले विभागीय प्रमुखलाई विधानसभाले प्रशिक्षण दिँदै प्रदेशका पदाधिकारी तथा विभागीय प्रमुखलाई पार्टीका नीति तथा विधिविधानका विषय जिम्मेवारीको बारेमा जानकारी गराए । नेपाली कांग्रेसका उपसभापति वीरेन्द्र प्रसाद सिंहले विभागीय प्रमुखलाई नेपाली कांग्रेसका विधान अध्ययन गरेर सबैको जिम्मेवारी तथा कामकर्तव्यका विषयमा जानकारी दिए ।

कार्यक्रममा कोशी प्रदेश सभापति उद्धव थापाले कांग्रेसलाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेल्नु पर्ने बताए ।

नेपाली कांग्रेस मधेश प्रदेश उपसभापति चन्द्रशेखर कुमार यादवले जिल्लाको भावी योजना रणनीतिबारे बताएका थिए । अभिमुखिकरणमा कांग्रेस मधेश प्रदेश कार्य समितिका सदस्य, विभिन्न विभागीय प्रमुख तथा सचिव, पार्टीबाट आमन्त्रित सदस्यलगायत विभिन्न विशिष्ट व्यक्तित्वको उपस्थिति रहेको प्रचारप्रसार प्रमुख नितेशकुमार गुप्ताले बताए ।

# आन्दोलनरत आवासीय चिकित्सकसँग सहमति

**काठमाडौँ ।**
सरकार र आन्दोलनरत आवासीय चिकित्सकबीच सहमति भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल मेडिकल एसोसिएसनबीच शनिबार मन्त्रालयमा चार बुँदे सहमति भएको हो ।

सहमतिपत्रमा मन्त्रालयका तर्फबाट डा भीमप्रसाद सापकोटा र एसोसिएसनका तर्फबाट महासचिव सञ्जिव तिवारीले हस्ताक्षर गरेका छन् ।

सहमतिसँगै आवासीय चिकित्सकले गर्दै आएको आन्दोलन फिर्ता भएको छ । सहमतिअनुसार चिकित्सा शिक्षा आयोगको बैठकले २०८१ माघ २५ गते गरेको निर्णयबमोजिम निजी मेडिकल कलेजमा चिकित्सा शिक्षा, स्नातकोत्तर तहमा अध्ययन गर्ने सबै आवासीय चिकित्सकलाई सार्वजनिक शिक्षण संस्थाले दिएसरह (स्वास्थ्य सेवाको आठौँ तह) निर्वाह भत्ता तत्काल उपलब्ध गराउन सरोकारवालालाई निकायलाई निर्देशन दिने, आवासीय चिकित्सकको बिदा, ड्युटी समय, अतिरिक्त सुविधालगायत विषयमा मन्त्रालयले कार्यदल गठन गरी १५ कार्यदिनभित्र प्रतिवेदन पेस गर्ने सहमति भएको छ ।

यस्तै, चिकित्सा शिक्षा आयोगको १८औँ बैठकको निर्णयबमोजिम आयोगले सबै विद्यार्थीको एकीकृत रूपमा 'म्याचिङ' तथा भर्ना हुन पाउनेगरी व्यवस्था मिलाउन मन्त्रालयले समन्वय गर्ने र चिकित्सकहरू नियमित कार्यमा फर्कने सहमति भएको छ । छलफलमा स्वास्थ्यमन्त्री प्रदीप पौडेल पनि सहभागी थिए ।

# प्रदेशसभामा तीन संरचनाको शिलान्यास

**महेन्द्रनगर ।**
मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले शनिबार प्रदेशसभा परिसरको सौन्दर्यकरण तथा पूर्वाधार विकास योजनाअन्तर्गत तीन संरचनाको शिलान्यास गरेका छन् । पानीको फोहोरा (फाउन्टेन), प्रदेशसभाको मुख्यद्वार र अन्य सहायक प्रवेशद्वारहरूको निर्माण गर्नेगरी शिलान्यास गरिएको हो ।

सभामुख मण्डलले भने, 'प्रदेशसभा जनप्रतिनिधिको काम गर्ने स्थान मात्र नभई मधेश प्रदेशको पहिचान झल्काउने गरिमायुक्त स्थल पनि हो । त्यसैले यसको भौतिक स्वरूप पनि त्यही स्तरको हुनु आवश्यक छ ।'

प्रदेशसभाको संरचना भवनमा सीमित हुन नहुने भन्दै यसको वातावरण, प्रवेशद्वार तथा बाहिरी स्वरूप पनि आमनागरिकले सम्मानपूर्वक हेर्नेगरी बनाइनु आवश्यक रहेकामा जोड दिए । उनले भने, 'सौन्दर्यकरणका यी प्रयासहरूले प्रदेशसभाको गरिमा बढाउनाका साथै जनतासँगको सम्बन्ध अझ आत्मीय बनाउने विश्वास लिएको छु ।'

सभामुख मण्डलका अनुसार प्रदेशसभाको मुख्य प्राङ्गणमा निर्माण हुने पानीको फोहोरा भवनको आकर्षण केन्द्र बन्नेछ । यो फोहोरा आधुनिक प्रविधिसहितको निर्माण हुने जनाउँदै उनले यसले साँझको समयमा आधुनिक बत्तीको उज्यालो र ध्वनिको संयोजनमार्फत थप सौन्दर्य दिने विश्वास व्यक्त गरे । प्रदेशसभाको मुख्यद्वार मधेशको सांस्कृतिक शैली र वास्तुकलालाई झल्काउने गरी निर्माण गरिनेछ । यसले एकातिर पारम्परिक मूल्य झल्काउने छभने अर्कातर्फ आधुनिक प्रदेशको पहिचान पनि दिने सभामुखले विचार व्यक्त गरे ।

निर्माणलाई गुणस्तरीय र समयमा सम्पन्न गरिने उद्देश्यसहित योजना अघि बढाइएको भन्दै आवश्यक बजेट सुनिश्चित भइसकेको उनले जानकारी दिए । सभामुख मण्डलले प्रदेश सरकार र निर्माण व्यवसायीलाई पारदर्शिता, जवाफदेहिता र गुणस्तरियता कायम गर्न आग्रह गरे ।

# ‘एनआरएनएलाई एकताबद्ध बनाएर अघि बढाऔँ’




**काठमाडौँ ।**
गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) लाई एकताबद्ध बनाएर अघि बढाउनुपर्नेमा जोड दिएका छन ।

गैरआवासीय नेपाली सङ्घ उच्चस्तरीय समितिले शनिवार आयोजना गरेको एकता महाधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले एकताबद्ध हुँदै एनआरएनएले नेपालमा आएर लगानी गर्ने वातावरण बनाउनुपर्ने बताए ।

संविधानसभाबाट बनेको संविधानमा गैरआवासीय नेपालीलाई नागरिकताको अधिकार भए पनि कार्यान्वयन हुन नसक्दा समस्या भएको धारणा राखे । संविधान संशोधन गरेर भए पनि गैरआवासीय नेपालीलाई समान अधिकार दिनुपर्ने भन्दै पूर्वप्रधानमन्त्री डा भट्टराईले गाउँगाउँमा हजारौँ बिघा जग्गा बाँझो रहेको अवस्थामा दुई रोपनीभन्दा बढी जग्गा किनेर लगानी गर्न चाहने गैरआवासीय नेपालीलाई रोक्न नहुने जिकिर गरे ।

व्यक्तिको राजनीतिक विचार हुने भए पनि एनआरएनएमा सङ्कीर्ण राजनीतिक सोच हुन नहुनेमा उनको जोड थियो ।

जनता समाजवादी पार्टी (जसपा) का नेता अशोक राईले एनआरएनएले विप्रेषणमात्र नभई लगानी पनि भित्र्याएकाले दुरुत्साहन गर्न नहुने बताए । एनआरएनएको नागरिकता समस्यालाई सरकारले तत्काल समाधान गर्नुपर्ने उनको भनाइh थियो । संयोजक डा शेष घलेले यही मे ६ तारिखसम्म एकता महाधिवेशन सम्पन्न गर्नु भन्ने सर्वोच्च अदालतको आदेशअनुसार भएको यो महाधिवेशन एकताको हुने बताए । स्थापनाको २२ वर्षसम्म एनआरएनए समसामयिक हुन नसकेकाले यसलाई अब पुनःसंरचना गरिनुपर्नेमा पनि उनले जोड दिए ।

कार्यक्रममा एनआरएनएको उच्चस्तरीय समितिका सदस्यहरू देवमान हिराचन, राजेन्द्रकुमार शर्मा, डा केशव पौडेल, महेश श्रेष्ठ, रविना थापा, कुल आचार्य, विनोद कुँवर, जानकी गुरुङलगायतले एकता महाधिवेशनलाई सबैले सफल बनाउनुपर्नेमा जोड दिएका थिए ।रासस

# जवजलाई युवा पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड

**मकवानपु ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जननेता मदन भण्डारीले प्रतिवादन गर्नुभएको जनताको बहुदलीय जनवाद (जवज)को मार्ग दर्शन र सिद्धान्तलाई युवा पुस्तामा हस्तान्तरण गर्न सके मात्र गणतन्त्र र राष्ट्रियतालाई जीवन्त पार्न सकिने धारणा राखेका छन ।

पूर्वराष्ट्रपति भण्डारीले मदन भण्डारी फाउन्डेसन मकवानपुरको चौथो साधारणसभा तथा श्री चन्द्र शर्मा स्मृति सम्मान कार्यक्रमको शनिवार हेटौँडामा उद्घाटन गर्दै सिङ्गो कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध गरेर मुलुकमा नयाँ सोच र चिन्तनका साथ जनतालाई सामाजिक र आर्थिक क्षेत्रमा रुपान्तरण गर्न राजनीतिक दलहरूले समीक्षा गरेर अघि बढ्नुपर्ने चुनौती आएको उल्लेख गरे ।

उनले जनताले केही दशकदेखि जनताको बहुदलीय जनवादलाई निर्वाचनको माध्यमबाट अनुमोदन गरिसकेकाले प्रमुख दलहरूले सत्ता प्राप्तिको प्रतिस्पर्धाको भन्दा जनताको समस्यालई पहिचान गरेर समाधानका लागि केन्द्रित हुँदै विकासका लागि राजनीति गर्न आह्वान गरे । पूर्वराष्ट्रपति भण्डारीले मदन भण्डारी फाउन्डेसनले आगामी दिनमा जनताका मामmमा पुगेर गरिब, विपन्न तथा अल्पसङ्ख्यक महिलाहरूको पाठेघरको उपचार गर्न तथा जवजको सैद्धान्तिक पक्षमाथि प्रशिक्षण कार्यक्रम सञ्चालनमा ल्याउन पनि जोड दिए ।

उनले नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले विसं २०४७ मा घोषण गरिएको नेपालको संविधान, २०४७ लाई करिब २७ बुदाँको आलोचनात्मक समर्थन गरेको उल्लेख भए पनि त्यसको सार्थक रूपमा विसं २०६२/६३ को जनआन्दोलनबाट गणतान्त्रिक व्यवस्था ल्याउँदाको सफलताबाट प्राप्त भएको स्पष्ट पारे ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले नेपालको संविधान, २०७२ को मर्मअनुसार स्थायी सरकारको संरचनाअनुसार निर्वाचनको माध्यमबाट प्रदेश सरकारको गठन भइसकेको उल्लेख गर्दै सङ्घीय, प्रदेश र स्थानीय सरकारले जनताका आधारभूत आवश्यकता, विकास, आर्थिक रुपान्तरणका लागि राष्ट्रिय गौरवको आयोजना, बहुवर्षीय योजनाको छनोट गरी बजेट विनियोजित गर्नुपर्नेमा जोड दिए । प्रदेश सरकारले अहिले बजेटमा कृषि उत्पादन र पशुपालनलाई उच्च प्राथमिकता दिएको बताए ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (एमाले)का केन्द्रीय सदस्यद्वय रामेश्वर राना र केदार न्यौपाने, एमाले बागमती प्रदेशका अध्यक्ष कैलाशप्रसाद ढुङ्गेल, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा र मदन भण्डारी फाउन्डेसनका अध्यक्ष रघुनाथ खुलालले मदन भण्डारीको जवजले नेपाली कम्युनिष्ट आन्दोलन तथा प्रजातान्त्रिक शक्तिहरूका बीचमा सहकार्य गरी अघि बढ्न प्रेरणा दिएको उल्लेख गरे । सङ्घीय सरकारमा बस्ने नेतृत्वले आफ्नो कमीकमजोरीलाई सुधार गरेर जनतालाई सुशासन दिनेतर्फ पहल गर्नुपर्ने उनहरूले सुझाव दिए ।फाउन्डेसन मकवानपुरका अध्यक्ष रघुनाथ खुलालले संस्थाको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष चन्द्रवती पनेरुले आर्थिक प्रतिवेदन प्रस्तुत गरे । जिल्लास्थित मदन भण्डारी फाउन्डेसनको शनिवार पदाधिकारी र सदस्यहरूको निर्वाचन सम्पन्न गर्ने लक्ष्य रहेको अध्यक्ष खुलालले जानकारी दिए ।रासस

# कांग्रेसले नीति तथा कार्यक्रममा रचनात्मक सुझावसहित समर्थन गर्ने

**काठमाडौँ ।** नेपाली कांग्रेसले सरकारद्वारा प्रस्तुत आगामी आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा सकारात्मक र रचनात्मक सुझावसहित छलफलमा सहभागी भई समर्थन जनाउने निर्णय गरेको छ ।

नयाँ बानेश्वरस्थित सङ्घीय संसद् भवनमा पार्टी सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाको अध्यक्षतामा शनिवार बसेको संसदीय दलको बैठकले नीति तथा कार्यक्रममा राष्ट्रिय आवश्यकता समेटिएकाले समर्थन गर्ने निर्णयसमेत गरेको छ । संसदीय दलका प्रमुख सचेतक श्याम घिमिरे बैठकले नीति कार्यक्रम सम्बोधन गर्नेगरी आगामी बजेट तर्जुमा गर्न सरकारलाई सुझाव दिने निर्णय गरेको जानकारी दिए । बैठकले विधेयक निर्माणको गतिलाई तीव्र बनाउन सक्रिय ढङ्गले संसद् र संसदीय समितिमा भूमिका खेल्ने निर्णयसमेत गरेको उनले बताए । यस्तै, नेपाल शिक्षक महासङ्घसँग भएको सहमतिअनुसार आगामी असार १५ गतेभित्र विद्यालय शिक्षा विधेयक पारित गर्ने प्रतिबद्धता जाहेर गरिएको छ । बैठकले भारतको उडिसास्थित केआइआइटीमा अध्ययनरत नेपाली छात्राको निधन र जम्मुकस्मिरस्थित पलहगाममा भएको घटनाको निन्दा गर्दै छानबिन गर्न आग्रह गरेको छ ।

यस्तै, संविधानसभा सदस्य तीर्थराम डङ्गोलको निधनमा शोक प्रस्ताव पारित गरेको प्रमुख सचेतक घिमिरेले जानकारी दिए । बैठकमा २० भन्दा बढी सांसदहरूले नीति तथा कार्यक्रम र समसामयिक राजनीतिक विषयमा धारणा राखेका थिए ।रासस

# पहिलो दल बन्ने सङ्कल्पसहित अघि बढेका छौँ: अध्यक्ष दाहाल




**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आगामी निर्वाचनमा पहिलो पार्टी बन्ने सङ्कल्पका जनतासँगको सम्बन्ध सुदृढ गर्दै लगिएको बताएका छन ।

तामाङ राष्ट्रिय मुक्तिमोर्चा नेपालको प्रथम बागमती प्रदेश अविधेशनलाई सम्बोधन गर्दै उनले संसदमाा पहिलो दल बन्ने सङ्कल्पका साथ अघि बढेको बताए । ‘विसं २०८४ मा पहिलो हुने लक्ष्यका साथ अघि बढेको छौँ, सोहीअनुसार पार्टीको जागरण अभियानलगायत क्रियाकलापबाट जनतासँग जोडिरहेका छौँ । यसका साथै लोकतन्त्रका उपलब्धिलाई संस्थागत गर्दै अगाडि बढ्न छौँ’, अध्यक्ष दाहालले भने ।

यसैगरी, अध्यक्ष दाहालले दक्षिणकाली नगर समितिको चौथो सम्मेलन उद्घाटन गर्दै सुशासनका पक्षमा नयाँ क्रान्ति आवश्यक भएको बताएका छन ।

‘सामाजिक न्याय, आर्थिक पछौटेपनविरुद्ध नेकपा माओवादीले आफ्नो स्थापनाकालदेखि आवाज उठाउँदै आएको छ । बदलिँदो विश्व परिस्थितिलाई दृष्टिगत गरी अन्तरराष्ट्रिय सन्तुलनका पक्षमा एउटा नयाँ अभियानको सङ्कल्पका साथ झापादेखि कञ्चनपुरसम्म हुलाकी राजमार्ग लक्षित अभियान सम्पन्न भएको छ’, उनले भने । रासस

# ‘मिथिला संस्कृतिको संरक्षण र सम्वर्द्धन हाम्रो साझा दायित्व हो’

**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मिथिला संस्कृतिको संरक्षण र सम्वद्र्धन सबैको दायित्व रहेको बताएका छन । मिथिला संस्कृति समाज, नेपालको आयोजनामा ‘सीता प्राकट्य दिवस समारोह २०८२’ लाई सम्बोधन गर्दै उनले इतिहासले सीता मातालाई आदर्श नारीका रूपमा चित्रित गरेकाले सबैमा आदरभाव हुनुपर्नेमा जोड दिए ।

उनले भने, ‘सीताप्रति हाम्रो आदरभाव त्यहीबेला सार्थक हुन्छ जब हामी मिथिलाको संस्कृति र महिमाको पुनर्जागरण गर्छौं ।’ उनले मिथिला र बौद्ध संस्कृतिलाई जोड्न सीता–सिद्धार्थ खण्डका रूपमा हुलाकी मार्गको सम्बन्धित खण्डको विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गर्ने बताए ।मिथिला संस्कृति समाज नेपालका कार्यक्रम संयोजक अमितकुमार दासले हरेक वर्ष यस अवसरमा ‘सीता माता’ को महिमासम्बन्धी चर्चापरिचर्चा, विचार–मन्थन तथा स्रष्टा सम्मान कार्यक्रम गर्दै आइरहेको बताए । सो अवसरमा राष्ट्रिय समाचार समिति (रासस) की ललितपुर संवाददाता अर्चना झा र काठमाडौँ जिल्ला अदालतकी न्यायाधीश मोना सिंहलाई ‘सीता’ उपाधिसहित सम्मान गरिएको थियो ।रासस

# हामीलाई नेपाली नागरिकताको निरन्तरता चाहिन्छः ब्रिटिस गोर्खा

**काठमाडौँ ।**
संसदीय समितिका सभापतिहरूले विभिन्न कारणले विदेशमा रहेका नेपाली नागरिकलाई स्वदेश फर्कन सहजता प्रदान गर्ने ढङ्गबाट कानुन निर्माण गरिने प्रतिबद्धता जनाएका छन ।

ब्रिटिस गोर्खा नेपाली नागरिकता निरन्तरता अभियानद्वारा शनिवार आयोजित कार्यक्रममा उनिहरूले सन्तान भेट्न आमाबाबु विदेश जाने नभई छारोछोरी नेपाल आउने वातावरण निर्माण गर्नेगरी कानुन तर्जुमा गर्नेतर्फ ध्यान पु¥याइने बताए ।

प्रतिनिधिसभा, राज्य व्यवस्था समितिका सभापति रामहरि खतिवडाले कानुन निर्माणमा कुनै राजनीतिक गन्ध नआउने र विदेशमा रहेका नेपाली नागरिकलाई देश फर्कन सहज तुल्याउन सकियोस् भन्नेमा सम्पूर्ण कोसिस रहने धारणा राखे । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अम्बरबहादुर थापाले बेलायती–गोर्खा फौजमा राज्यले सम्झौता गरेर पठाएका नागरिकलाई आफ्ना होइन भन्ने विषय नेपालका लागि सुहाउँदो नभएको जिकिर गरे । आफ्ना नागरिकलाई पराई बनाउन हुन्न भन्नेमा राज्य उत्तरदायी हुनुपर्नेमा जोड दिँदै उनले शिक्षा र निजामती प्रशासनमा सुधार नल्याएसम्म देशविकासको नारा कागजमा सीमित रहने धारणा राखे । बागमती प्रदेशका पूर्वमुख्यमन्त्री एवं सांसद राजेन्द्रप्रसाद पाण्डेले संविधान र नेपालको नागरिकता ऐन २०६३ संशोधनका बेला ब्रिटिस गोर्खाले आफ्नो नागरिकताले निरन्तरता पाउनुपर्ने कारणसहितको दलिल पेस गर्नुपर्ने सुझाव दिए ।

वरिष्ठ अधिवक्ता चन्द्रकान्त ज्ञवालीले जुनसुकै मुलकमा रहे पनि नेपाली नागरिकका सन्ततिलाई वंशजका आधारमा नागरिकता प्राप्तिमा संविधानतः कुनै बाधा नरहेको तर्क गरे । उनले कसैलाई पनि राज्यविहीनताको अवस्थामा राख्न नहुने बताए ।

यसअघि अभियानका सल्लाहकार कृष्णबहादुर राईले देशले सम्झौता गरेर पठाएका नागरिकलाई राज्यविहीनताको अवस्था आउन नदिन र ब्रिटिस गोर्खाले प्राप्त गर्ने निवृत्तिभरण राष्ट्र बैंकमार्फत प्राप्त गर्ने व्यवस्था मिलाउन आग्रह गरे । अभियानका अध्यक्ष फुर्वा शेर्पाले ब्रिटिस गोर्खाले उठाउँदै आएका विषय पहिचान र न्याय, बलिदान र योगदानसँग जोडिएका भन्दै राज्यले यसलाई गम्भीरतापूर्वक लिनुपर्ने आवश्यकता औँल्याए ।

उक्त अभियानले बेलायती सेनामा भर्ती भएका लाहुरेको नेपाली नागरिकताले निरन्तरता पाउनुपर्ने तथा उनीहरूको सन्तानलाई पनि वंशजका आधारमा नागरिकता प्राप्त गर्ने कानुनी सुविधा हुनुपर्ने माग गर्दै आएको छ ।

त्यस अवसरमा बेलायती सेनाबाट निवृत्त भएका करिब २२ हजार पूर्व गोर्खा सैनिकलाई पेन्सनका रूपमा प्रदान गरिने करिब २१ करोड पाउण्डस्ट्रलिङ राष्ट्र बैंकमा जम्मा भएर वितरण गर्ने व्यवस्थाका लागि सरकारसँग माग गरिएको थियो । रासस

# स्वास्थ्य बिमा बोर्डको भुक्तानी क्षमता बढाउन अस्थायी जनशक्ति थपिने

**काठमाडौँ ।**
स्वास्थ्य बिमा बोर्डको दाबी भुक्तानी मूल्याङ्कन गर्न जनशक्ति अभावमा देखिएको समस्या समाधान गर्न अस्थायी दरबन्दी थप गरिने भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले अस्थायी दरबन्दी थप गर्न गर्नुभएको प्रस्ताव मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ । गत बुधबार बसेको मन्त्रिपरिषद् बैठकबाट बोर्डका लागि चार सय दुई जनशक्ति थपिने भएका छन् ।

बोर्डका लागि मन्त्री पौडेलले अधिकृतस्तरका ५६ तथा सहायकस्तर र श्रेणीविहीन तीन सय ४६ जना जनशक्तिको अस्थायी दरबन्दी स्वीकृतिका लागि प्रस्ताव लग्गुभएको थियो । हाल बोर्डमा जनशक्ति अभावमा गत साउनसम्मको दाबीमा मात्र मूल्याङ्कन सकिएको छ ।

बोर्डका कार्यकारी निर्देशक डा रघुराज काफ्लेले थपिएका अस्थायी जनशक्तिले चालु आवभित्र बाँकी दाबीमा मूल्याङ्कनसक्ने लक्ष्यमा सघाउने विश्वास व्यक्त गरे ।

मन्त्रिपरिषद्को निर्णयअनुसार सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुरामा एक सय २९, गेटा अस्पताल धनगढीमा एक सय ४१ तथा डडेलधुरा अस्पतालमा तीन सय १३ जनाको अस्थायी दरबन्दी स्वीकृत भएको छ ।

यसले ती अस्पतालहरूले सञ्चालनमा खेपिरेहको समस्या समाधानमा सहजता ल्याउने विश्वास गरिएको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले बताए ।

‘सङ्गठन तथा व्यवस्थापन संरचनाको काम नसकिँदासम्म यसले सेवा सञ्चालनमा बोर्ड र अस्पतालमा सहजता आउने विश्वास गरिएको छ’, उनले भने ।रासस

# कम्युनिष्ट आन्दोलनकी योद्धा सुभद्रा रेग्मी सम्मानित

**मकवानपुर ।**
कम्युनिष्ट आन्दोलनकी योद्धा हेटौँडा– ८ निवासी सुभद्रा रेग्मीलाई श्री चन्द्र शर्मा स्मृति सम्मानबाट पुरस्कृत गरिएको छ । उनलाई पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले मदनभण्डारी फाउण्डेशन मकवानपुरद्वारा शनिवार हेटौँडामा आयोजित एक कार्यक्रममा फाउण्डेशनका तर्फबाट सम्मानपत्रका साथै नगद रु १५ हजार ५५५ सहित सम्मान गरे ।पञ्चायतकालमा भूमिगत राजनीतिक अवस्थामा रहेर प्रत्येक गाउँटोलमा कम्युनिष्ट आन्दोलनलाई सक्रियतापूर्वक योगदान गरेको स्मरण गर्दै रेग्मीलाई सम्मान गरिएको फाउण्डेशनका अध्यक्ष रघुनाथ खुलालले बताए ।

सम्मानित रेग्मीले आफूले प्राप्त गरेको रकम सडक बालबालिकाका लागि खर्च गर्न मामाघरका व्यवस्थापक अर्पण पराजुलीलाई हस्तान्तरण गरे ।

आजै पूर्वराष्ट्रपति भण्डारीले हेटौँडा उपमहानगरपालिका–९ स्थित त्रिवेणीधाम मन्दिरको अवलोकन गगरिन । उनि नेकपा (एमाले) बागमती प्रदेश, युवा परिषद्का पदाधिकारी, सदस्य र विभिन्न युवा समूहसँग अन्तरक्रिया कार्यक्रममा पनि सरिक भएकी थिईन ।रासस

# ‘लोकतान्त्रिक गणतन्त्रलाई मजबुद बनाउन ट्रेड युनियनको भूमिका सशक्त हुनुपर्छ’

काठमाडौँ ।
नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप मजबुद बनाउँदै सफल कार्यान्वयनका लागि ट्रेड युनियनको भूमिका सशक्त हुनुपर्नेमा जोड दिएका छन ।

नेपाल श्रम प्रतिष्ठानद्वारा शनिवार आयोजित ‘परिवर्तित सन्दर्भ र ट्रेड युनियन आन्दोलन’ विषयक गोष्ठीमा उनले लोकतान्त्रिक राजनीतिक व्यवस्था मजबुद बन्न सके मात्र मजदुरको हकहित सुरक्षित हुने बताए ।

पूर्वउपप्रधामन्त्री निधिले संविधानका मुख्य पाँच विशेषताहरू गणतन्त्र, सङ्घीयता, समावेशिता, मिश्रित निर्वाचन प्रणाली र धर्म निरपेक्षताको सन्दर्भमा ट्रेड युनियन आन्दोलनको भूमिका केन्द्रित गर्न आह्वानसमेत गरे । ‘गणतन्त्र, सङ्घीयता र लोकतन्त्र, समावेशिताको पक्षमा ट्रेड युनियनको भूमिका केन्द्रित हुनुपर्छ । त्यहीभित्र नै आफ्नो हक र हितका लागि प्रयास गरिरहनुपर्छ’, उनले भने, ‘यदि यसमा कुनै पनि किसिमको खतरा आउँछ भने त्यसको बचाउमा ट्रेड युनियनको अभियान केन्द्रित हुनुपर्छ ।’

पूर्वमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा मीनेन्द्र रिजालले मूलधारका राजनीतिक दल र जनताबीचको बढ्दो दूरीलाई घटाउन संवाद आवश्यक रहेको बताए । राजनीतिक व्यवस्था परिवर्तनपछि थुप्रै विकास र सुधारका काम भए पनि जनताको असन्तुष्टि वृद्धि हुँदै जानाका कारण पार्टीले खोज्नुपर्ने उनको भनाइ थियो । ‘नेपाली कांग्रेस र नेकपा (एमाले)को गठबन्धन सरकार सञ्चालनको दश महिना भइसक्यो तर निराशा चिर्न सकेका छैनौँ’, उनले भने, ‘मूलधारका राजनीतिक दलप्रति जनताको विश्वास घट्दो छ । रासस

# मानव बेचबिखनमा संलग्न आरोपमा पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न एक जनालाई पक्राउ गरेको जनाएको छ । पक्राउ पर्नेमा सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका वडा नम्बर १ निवासी २९ वर्षीय सुजन लामा उर्फ पासाङ तामाङ छन् ।

प्रहरीका अनुसार वैशाख १७ गते वीरगंज महानगरपालिका वडा नम्बर १६ स्थित शंकराचार्य गेट नजिकैको सडकखण्डमा इनर्वा प्रहरी चौकीको चेकिङ टोलीले नेपालबाट भारत जाँदै गरेका एक पुरुष र एक युवतीलाई रोकी सोधपुछ गरेको थियो ।

सोधपुछक्रममा व्यवहार शंकास्पद देखिएपछि दुवैलाई जिल्ला प्रहरी कार्यालय, पर्सा ल्याएर थप अनुसन्धान गर्दा युवतीलाई तामाङले वीरगंज नजिकैको कपडा कारखानामा राम्रो आम्दानी हुने काममा लगाइदिने बहानामा भारत लैजाँदै गरेको र बेचबिखनको नियत रहेको खुलेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेका तामाङलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ बमोजिमको कसुरमा पर्सा जिल्ला अदालतबाट सात दिनको म्याद लिएर थप अनुसन्धान भइरहेको छ ।

युवतीको गोपनीयता कायम राख्दै नाम र ठेगाना सार्वजनिक नगरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ । प्रहरीले मानव बेचबिखनका घटनामा संलग्न व्यक्तिलाई कडाइका साथ निगरानी र कारबाही गरिने बताएको छ ।




**विश्व प्रेस स्वतन्त्रता दिवसमा प्रभातफेरीः** विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा नेपाल पत्रकार महासङ्घ धनुषाद्वारा शनिबार जनकपुरधाममा आयोजित प्रभातफेरी । तस्बिरः निरञ्जनकुमार साह–रासस

# मेयरले प्रशासकीय अधिकृतलाई घरमै बोलाएर कुटाए ?




**मधेशदृष्टि**
**बारा ।**
सिम्रौनगढ नगरपालिकामा मेयर किशोरी साह कलवारले प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसाद जयसवाललाई कुटपिट गराएको कर्मचारीको आरोप छ । मौखिक आदेशका भरमा कानूनविपरीत रकम भुक्तानी गर्न नमानेपछि मेयर कलवार र उनका समर्थकले हातपात गरेको पीडित अधिकृत जैसवालले आरोप लगाएका छन् ।

वैशाख १६ गते आदर्शकोतवाल गाउँपालिका कोतवाली चोकस्थित जानकी आयल नजिकै निजी निवासमा मेयर कलवारले बोलाएर दुव्र्यवहार गरेको अधिकृत जयसवालको दाबी छ । कुटपिटको विषयलाई लिएर प्रशासकीय अधिकृत जयसवालले जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय बारामा उजुरी दर्ता गराएपछि यो घटना बाहिर आएको हो । घटनाको विरोधमा सिम्रौनगढ नगरपालिकाका कर्मचारी आन्दोलित भएका छन् । कर्मचारीले नगरपालिकाको सम्पूर्ण सेवा ठप्प पारेका छन् । आन्दोलित कर्मचारीले दोषीलाई कारबाही नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेलामा अतिथि सेवालगायत नगरको सरसफाइ शीर्षकमा कार्यपालिका बोर्डको बैठकले १० लाख रुपैयाँ छुट्याएको थियो । मेला शीर्षकमा मेयर कलवारले २७ लाख रुपैयाँ भुक्तानी गर्न पटकपटक दबाब दिँदै आएको जयसवालको आरोप छ । त्यसैगरी बोर्डको बिनानिर्णय वृक्षारोपण शीर्षकमा १५ लाख, सिम्रौनगढ ऐतिहासिक समारोह शीर्षकमा १० लाख र बाटो सरसफाइमा १९ लाख रुपैयाँ भुक्तानी गर्न मेयर कलवारले दबाब दिँदै आएको प्रमुख प्रशासकीय अधिकृत जैसवालले बताए ।

वैशाख १६ गते बिहान १० बजे मेयर कलवार र सिम्रौनगढ समारोहकी अगुवा ममता शर्माले पटक–पटक फोन गरेर सरसल्लाह गर्न भन्दै आफूलाई मेयरको निवासमा बोलाएको जैसवालको भनाइ छ । मेयरसँग छलफल गर्न उनको घरमा जाँदा शर्माको १० लाख लगायत ७१ लाख रुपैयाँको भुक्तानी गर्न मेयर कलवारले पुनः दबाब दिएको उनको आरोप छ । 'बिनाकानूनी प्रक्रिया पूरा गरी भुक्तानी कसरी दिने' भन्ने जवाफ दिएपछि मेयर कलवार र उनका समर्थकले आफूलाई अन्धाधुन्ध कुटपिट गरेको अधिकृत जैसवालले बताए ।

# तेह्र वर्षमा पनि बनेन कमला पुल



**सिरहा ।**
हुलाकी सडकअन्तर्गत सिरहा र धनुषा जोड्ने १३ वर्षदेखि निर्माणाधीन कमला पुल निर्माण कम्पनीले काम रोकेपछि ठेक्का सम्झौता तोड्ने तयारी थालिएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले जनाएको छ ।

निर्माण कम्पनी 'लुम्बिनी बिल्डर्स' लाई आगामी असार मसान्तसम्म भासिएको पुलको पुनःनिर्माण सम्पन्न गरिसक्ने गरी अन्तिम पटकलाई ठेक्का सम्झौता भएकोमो उक्त निर्माण कम्पनीले महिनादिन अघिदेखि काम ठप्प गरेपछि ठेक्का सम्झौता रद्द गरी कारबाही प्रक्रिया अघि बढाइएको निर्देशनालयका योजना प्रमुख कृष्णकुमार महतोले बताए । 'सम्झौताअनुसार असार मसान्तसम्म काम सम्पन्न हुनुपर्ने हो ।

तर, एक महिनाअघिदेखि निर्माण कम्पनीले काम ठप्प पारेको छ । म्याद थपको लागि निवेदन पनि दिएको छैन,' उनले भने, 'सम्झौताअनुसार काम नभएपछि कारबाहीको लागि केन्द्रमा सिफारिस गरेका छौँ ।'

यसअघि निर्माण कम्पनी र बिमा कम्पनीबीचको विवाद उच्च अदालत पाटनसम्म पुगेको थियो । पुल निर्माणको क्रममा पुलको दुईवटा पाएर भासिएपछि निर्माण कम्पनीले बिमाबापतको रकम दाबी गरेको थियो । हाल मुद्दा अदालतमा विचाराधीन भएकाले निर्माण सम्झौता र कारबाही प्रक्रिया के हुने भन्नेबारेमा निर्देशनालयले कानुनी परामर्श गरिरहेको प्रमुख महतोले बताए । पुलको निर्माणको अन्तिम चरणमा रहेको बेला बाढीले क्षति पु¥याएपछि कम्पनीले क्षतिबापत बिमाबाट पाउनुपर्ने आठ करोड रुपैयाँ नपाएपछि आफूहरू अदालत जानुपरेको निर्माण कम्पनीका 'लुम्बिनी बिल्डर्स' का 'साइट इञ्चार्ज' सुदीप थापाको भनाइ छ । रकम प्राप्त नगर्दा आर्थिक अभावले पुल निर्माणको बाँकी काम रोक्नुपरेको उनले जानकारी दिए ।

विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो । तर, पटक–पटक म्याद थपेर १३ वर्ष बितिसक्दा पनि पुल निर्माणको काम अधुरै छ । 'पप्पु कन्ट्रक्सन'ले तीन वर्षमा निर्माण गर्नुपर्ने पुल अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम 'लुम्बिनी बिल्डर्स'ले गर्दै आएको थियो । यसबिचमा अन्तिमपटकका लागि ०८२ असारसम्मको थपिएको म्याद पनि त्यत्तिकै गुज्रिएको छ ।

स्थानीयले वर्षौंदेखि कमलामा काम चलाउ काठेपुल बनाएर आवतजावत गरिरहे पनि वर्षायाममा भने सोही पुल बगाएर सधैँ सास्ती भोग्नुपरेको सिरहा नगरपालिका–६ का वडाध्यक्ष इन्द्रजित यावदले बताए । उनका अनुसार सिरहा र सप्तरीका मानिसलाई प्रदेश राजधानी जनकपुर आउजाउ गर्न भारतीय बजार जयनगर वा एक सय रुपैयाँ तिरेर डङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ ।

त्यस्तै आधा घण्टाको बाटोलाई मिर्चैया, ढल्केवर हुँदै करिब तीन घण्टा लामो घुमाउरो यात्रा गर्नुपर्ने हुनेछ ।

तराई मधेशको 'लाइफलाइन'का रूपमा हेरिएको हुलाकी सडक मधेश प्रदेशको राजधानी जनकपुरधामसँग जोड्ने छोटो दूरीको राष्ट्रिय गौरवको आयोजना हो । सम्पन्न भई उद्घाटनको तयारी भइसकेको अवस्थामा कमला नदीमा आएको बाढीले भासिएको अलपत्र पुलको पुनः निर्माण कार्यमा ढिलाइ मात्र भएको छैन, पुल बन्ने नबन्ने अनिश्चित भएको छ ।

# रास्वपाको छिपहरमाईमा वडा भेला



**मधेशदृष्टि**
**पर्सा ।**
राष्ट्रिय स्वतन्त्र पार्टीको पर्सा, छिपहरमाई–४ को प्रथम भेला भएको छ । छिपहरमाईको तुलसीबार्वामा वडा नम्बर ४ को भेला भएको हो । भेलाले राजुकुमार पाण्डेको सभापतित्वमा ११ सदस्यीय समिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा हरदेव सहनी, सचिव निरज साह सुनार, कोषाध्यक्ष अशोक राउत कुर्मी, सदस्यहरु रमेश शाह, सुदर्शन प्रसाद शाह, कृष्ण सहनी, मङ्गल शर्मा लोहार, रामदेव पण्डित, त्रिलोकी पाण्डे र जीत महतोलाई चयन गरेको छ । राष्ट्रिय स्वतन्त्र पार्टी क्षेत्र नम्बर ४ का क्षेत्रीय सभापति जितेन्द्र मिश्रको अध्यक्षतामा सम्पन्न भेलामा राष्ट्रिय स्वतन्त्र पार्टी पर्साका सभापति हरि पन्तले युवाहरुको नवीन र सुझबुझपूर्ण सोच नै देश विकासको आधार भएकाले ८४को आमनिर्वाचनमा नेपाली जनताले रास्वपाको सोच र सिद्धान्तलाई अनुमोदन गरेर देशको चाबी युवाको हातमा सुम्पने निश्चित रहेको बताए ।

सभापति पन्तले रास्वपालाई नेपाली जनताले अब देशको वैकल्पिक शक्ति भन्दा पनि मुख्य राजनीतिक शक्तिको रूपमा देख्न चाहेको समेत बताए । रास्वपाका संगठन विभाग उपप्रमुख प्रमोद रायमाझीले सञ्चालन गरेको भेलालाई पार्टीका केन्द्रीय सदस्य डा. नन्दन यादवलगायतका नेताले सम्बोधन गरेका थिए ।

# दुई थान भरुवा बन्दुक बरामद

**मधेशदृष्टि**
**सिरहा ।**
प्रहरीले गोलबजारबाट दुई थान भरुवा बन्दुक बरामद गरेको छ । विशेष सूचनाका आधारमा पुगेका सादा पोसाकका सुरक्षाकर्मीले जिल्लाको गोलबजार नगरपालिका–१० अवासनगर डण्डाबाट दुई थान भरुवा बन्दुक बरामद गरेको हो ।

केही मानिस बन्दुक लिएर घुमिरहेको भन्ने विशेष सूचनाको आधारमा पुगेका सुरक्षाकर्मीलाई देखेर बन्दुक फालेर भागेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी डिएसपी वीरेन्द्र पासवानले जानकारी दिए । बन्दुक फालेर भागेकाहरूको खोजी भइरहेको डिएसपी पासवानले बताए । सिरहामा वन्यजन्तु सिकार गर्न यो बन्दुक प्रयोग गर्ने गरेको प्रहरीले बताएको छ ।

# वाइसिएलको प्रथम सम्मेलन अध्यक्षमा पटेल




**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा (माओवादी केन्द्र)को सहायक संगठन योङ कम्युनिस्ट लिग (वाइसिएल) नेपाल, वीरगंज महानगर कमिटीको प्रथम नगर सम्मेलन भएको छ । सम्मेलनले विकास पटेललाई सर्वसम्मत रूपमा महानगर अध्यक्षमा चयन गर्दै ४१ सदस्यीय नगर कमिटी गठन गरेको छ ।

सम्मेलनमा वाइसिएल वीरगंज महानगर कमिटीका लागि महेश पटेललाई इन्चार्जका रूपमा सिफारिस गरिएको छ भने अन्य पदाधिकारीमा वरिष्ठ उपाध्यक्ष नेहाल खान, उपाध्यक्ष प्रियंका खड्का र अरुण साह, सचिव निरज सह, सहसचिव नितेश साह र मोहम्मद उडक्र सिद्दिकी तथा कोषाध्यक्षमा पंकज राम चयन भएका छन् ।

कार्यक्रममा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् पर्सा जिल्ला इन्चार्ज विजय महतोले वाइसिएलको भूमिका परिवर्तनको मेरुदण्डको रूपमा रहेको बताए । उनले भने, 'समाजको वास्तविक परिवर्तनका लागि युवाको क्रान्तिकारी सक्रियता आवश्यक छ । वाइसिएल युवाको ऊर्जा, विचार र संकल्पको संगठित स्वरूप हो ।'

सम्मेलनमा वाइसिएल संयोजक दीपेन्द्र सिंह पटेल, वाइसिएल पर्सा इन्चार्ज सन्तोष पटेल, राम दरश कुशवाहा, बालेश्वर थारु, बाबुराम कौशिक, सुरेन्द्र गुप्ता, मो. कदमरसुल पश्मिना कादरी, पिन्टु रौनियार लगायतको उपस्थिति थियो । अध्यक्ष पटेलले भने, 'हामी वीरगंजको प्रत्येक टोल, वडादेखि महानगरसम्म वाइसिएललाई जनयुवा संगठनको रूपमा स्थापित गर्नेछौँ । हाम्रा क्रियाकलाप परिवर्तनकारी हुनेछ । हामी संगठन, सिद्धान्त र जनताको हितमा कुनै सम्झौता गर्नेछैनौँ ।'

# लागुऔषध गाँजासहित चार पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजासहित ४ जनालाई पक्राउ गरेको छ । आदर्श कोतवाल गाँउपालिका वडा नम्बर ३ बतारास्थित खेतमा पार्किङ गरिराखेको प्र २–०३–००१ त ४८७६ नम्बरको ट्र्याक्टरबाट २ सय २५ केजी गाँजासहित ४ जनालाई प्रहरीले पक्राउ गरेको हो ।

इलाका प्रहरी कार्यालय बारागढीबाट प्रहरी निरीक्षक कुसुम नायकको नेतृत्वमा खटिएको प्रहरीको टोलीले १५ वटा कार्टुनमा रहेको २ सय २५ केजी गाँजासहित ४ जनालाई पक्राउ गरेको हो । प्रहरीले पहिले ट्र्याक्टर चालक बाराको आदर्श कोतवाल गाउँपालिका वडा नम्बरबर ३ बताराका ३० वर्षीय नन्दकिशोर मुखिया बिनलाई पक्राउ गरेपछि उनीसँग सोधपुछक्रममा थप ३ जना यो कार्यमा संलग्न रहेको खुल्न आएको थियो ।

त्यसपछ प्रहरीले बाराको कोल्हवीस्थित रोज उड होटलबाट मकवानपुरको हेटौँडा उपमहानगरपालिका–४ का २१ वर्षीय कमान प्रजा, मकवानपुरकै कैलाश गाउँपालिका–४ का २४ वर्षीय सिताराम प्रजा र मकवानपुरकै बकैया गाँउपालिका–५ का २२ वर्षीय नवराज मगरलाई पक्राउ गरेको छ । पक्राउ परेकाहरुविरुद्ध लागुऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए ।

# दशगजाबाट ४३ किलो गाँजा बरामद

**मधेशदृष्टि**
**पर्सा ।**
सशस्त्र प्रहरीले पर्साको जिराभवानी गाउँपालिका–१ गढिमाई मन्दिर नजिकैको दशगजा क्षेत्रबाट ४३ किलो ८ सय ग्राम अवैध गाँजा बरामद गरेको छ ।

शनिबार बिहान ४:५० बजे सशस्त्र प्रहरी निरीक्षक नरेन्द्र बहादुर बिष्टको नेतृत्वमा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट, महादेवपट्टिबाट गएको टोलीले नियमित गस्तीका क्रममा गाँजा बरामद गरेको हो ।

तस्करहरूले प्रहरी गस्ती देखेपछि गाँजाका पोका छाडेर भागेका थिए । बरामद गरिएको गाँजा आवश्यक कानूनी प्रक्रियाका लागि इलाका प्रहरी कार्यालय सेढवामा बुझाइएको सशस्त्र प्रहरी बल १३ नम्बर गण, पर्साका प्रवक्ता नायव उपरीक्षक देवेन्द्र बहादुर सिंहले जानकारी दिए ।

सम्पादकीय

# प्रेस स्वतन्त्रता र पत्रकारको मर्यादा

पछिल्लोपटक काठमाडौँमा शिक्षकको आन्दोलनमा एक टेलिभिजन पत्रकारमाथि प्रहरीकै तर्फबाट आक्रमण भयो। उनको आँखामा गम्भीर चोट लागेको देखिएको छ । उपचार जारी छ । सरकारले आन्दोलनक्रममा घाइते सबैको उपचार गर्ने भनेपछि एक थान पत्रकारको पनि उपचार हुने नै भयो। यसअघि चैत १५ गते काठमाडौँमा राजावादीहरुको आन्दोलनमा एक पत्रकारको जलेर मृत्यु भयो । टेलिभिजन पत्रकार नै थिए उनी पनि । यसरी पछिल्लो समय नेपालमा टेलिभिजन पत्रकारले घटनास्थलमा असुरक्षा महसुस गरिरहेका छन् । 'टेलिभिजन कसले हेर्छ र ?' भनेर हेलोहोचो गर्ने जमातलाई समयमा घटनास्थलको सूचना दिन, दृश्य देखाउन चाहने पत्रकार नै सबैभन्दा बढी असुरक्षित छन्। सामाजिक सञ्जालमा 'ठिक्क पर्यो' भनेर सामान्य समवेदना पनि नदेखाउनेको जमात बढ्दै छ । अर्थात् सञ्चार जगत समग्रमा पीडित छ, असुरक्षित छ। समाज आफ्नो कुरा लुकाउन पत्रकारबाट टाढा रहन मन पराउँछ। मुठ्ठिभरका चम्चागिरी गर्नेहरुलाई नै अशली पत्रकार ठानेर बाँकीको त फोन पनि उठाउन, सूचना दिन चाहँदैन र पछि मिडियाले यसो गरेन भनेर तिनै फेरि नैतिक शिक्षा पढाइरहेका हुन्छन्। मधेश प्रदेशमा त एकजना मन्त्रीले 'म पत्रकारका कारण डिप्रेसनमै जानसक्छु' भनेर बोले। यसको केही समयपछि नेपाली कांग्रेसका एकजना हेभिवेट नेताको छोराको नाम लिएर प्रतिपक्षी पार्टीले संसदमै रुलिङ गर्यो। ती नेताले सबै मिडियालाई यो गलत भयो भनेर सूचना दिन पनि जरुरी ठानेनन्। पछि हाम्रो गलत समाचार आयो त सबै भन्छन्, तर समयमा सबैलाई सूचना दिनु पर्छ भन्ने मान्यता हाम्रा नेताहरुमा हराउँदै गएको छ। ठूलो पार्टीको समाचार किन आएन भनेर स्वघोषित नेताहरुले ७२ घण्टापछि सोध्छन् तर कार्यक्रमबारे खबर गरियो कि गरिएन भन्ने तिनको चिन्ता हुन्न । तिनलाई दलले बोलाएपछि, सामाजिक सञ्जालमा लेखेपछि सबै आइहाल्छन्, गुणगान गाइहाल्छन् भन्ने ठूलो भ्रमको च्यादरले छोपिएको छ। यसैले सही समाचार लेख्नेहरु विस्तार ओझेलमा पर्दै गएका छन्। भाइरल हुन चाहनेहरुको जमातमा अरुले 'म पनि पत्रकार' भन्न लजाउनु पर्ने वातावरण बनाउन पत्रकारका विभिन्न संघसंगठनका नेताहरुले निकै मेहनत गर्नु भएको छ। यो अवस्था यति सजिलै आएको होइन।
जे होस्, विश्व प्रेस स्वतन्त्रता दिवसमा पत्रकार पनि समीक्षित हुनु पर्ने विषय हो । दुनियाँलाई ऐना देखाउनेहरुले आफूलाई पनि बेलाबेला ऐनामा हेर्नु पर्छ। शहरमा आएर बसेपछिको हुलिया, हैसियत र पत्रकारले पाउने सामान्य सुविधाबाट यो सम्भव छ कि छैन भन्ने विषय महत्वपूर्ण हो। समाजलाई प्रश्न गर्नेहरुले समाजले प्रश्न गर्दा उत्तर दिनु पर्छ। आफ्नो दिवसमा आफैँ समीक्षित हौँ। नेता, कर्मचारी, दलका कार्यकर्ता सबै मिडिया दबाउन चाहन्छन्, चम्चागिरी गरोस् भन्ने चाहन्छन्। केही आलोचनाको विषय भयो कि पैसा मागेर डिप्रेसनमा पुर्याउने भएर भनेर अर्को पत्रकारलाई सुनाउँछन् । कमजोरी त्यो पत्रकारको हो, जसले अर्को पत्रकारबारे तपाईंसँग कुरा काटिरहेको हुन्छ, तपाईंको कुरा पनि फेरि नेताले अर्को पत्रकारसँग काटेको हुन्छ भन्ने थाहा नपाउँदासम्म तपाईंलाई मजै आउँछ। जुन दिन यो थाहा पाउनु हुन्छ, त्यो दिन तपाईंको पनि भ्रमको पर्दा च्यातिने छ।

# विश्व प्रेस स्वतन्त्रता दिवस पत्रकारिताको सामाजिक एजेण्डा एआइ



धर्मेन्द्र झा

शनिबार ३२ औँ विश्व प्रेस स्वतन्त्रता दिवस। अहिले सम्पूर्ण विश्वमा प्रेस स्वतन्त्रताका बारेमा चर्चा चलिरहेको छ। प्रत्येक वर्ष मे ३ का दिन औपचारिकरुपमा विश्वभर यो दिवस मनाउने गरिन्छ। यसै दिवसका सन्दर्भमा मे ३ को सेरोफेरोमा एक दुई दिनअघि पछि पनि विविध कार्यक्रमको आयोजना गर्ने गरिन्छ। नेपाल पनि अपवाद छैन। आजको दिन यहाँ पनि विविध कार्यक्रम गरी यो दिवसको आयोजना गरिँदैछ।

नामिबियाको विण्डहक सहरमा सन् १९९१ मा सम्पन्न अफ्रिकाका पत्रकारहरुको सम्मेलनले मे ३ का दिन स्वतन्त्र प्रेसका सम्बन्धमा एक घोषणापत्र जारी गरेको दिनलाई स्मरण गर्दै संयुक्त राष्ट्र सङ्घको आह्वानमा १९९३ देखि विश्व प्रेस स्वतन्त्रता दिवसका रुपमा विश्वभर मनाउन थालिएको हो।

नेपालमा सरकारीस्तरबाट नमनाइए पनि गैरसरकारीस्तरबाट भने यहाँ यो दिवस सन् १९९५ देखि नै मनाउन थालिएको ो हो। यसै दिवसको अवसर पारेर सञ्चार र पत्रकारितासँग सम्बन्धित विभिन्न सङ्घ संस्थाले विविध कार्यक्रमको आयोजना गर्ने गरेका छन् र यो क्रम यसपटक पनि जारी रहने निश्चित छ। यो दिवस मनाउने सन्दर्भमा युनेस्कोले प्रत्येक वर्ष विषय वा नारा (थिम) तय गर्दछ र वर्षभरि नै त्यो नारासँग सम्बन्धित गतिविधि स्वयंले पनि आयोजित गर्दछ र अन्य राज्य तथा नागरिक सङ्घ संस्थालाई पनि बहसमा आधारित गतिविधि सञ्चालन गर्न प्रोत्साहित गर्दछ।

युनेस्कोले यस वर्ष अर्थात् २०२५ का लागि द इम्प्याक्ट अफ आर्टिफिसियल इन्टेलिजेन्स अन प्रेस फ्रिडम एण्ड द मिडिया भन्ने तय गरेको छ । नेपालीमा यसको अनौपचारिक अनुवाद प्रेस स्वतन्त्रता र मिडियामाथि कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स)को प्रभाव भनेर गर्न सकिन्छ। यस्तै अन्तरराष्ट्रिय पत्रकार महासङ्घ (आइफजे (ले टाइम टु पुट एआइ अन द सोसल एजेण्डा भन्ने विषय (थिम) तय गरेको छ। नेपालीमा यसको अनौपचारिक अनुवाद एआइ (कृत्रिम बौद्धिकता)लाई सामाजिक एजेण्डाका रुपमा राख्ने समय आएको छ भनेर गर्न सकिन्छ। यी विषय अर्थात् नारा स्वयंमा निकै महत्वपू ूर्ण मात्र छैनन् विगतको तुलनामा अर्थपूर्ण पनि छन। निश्चिय पनि आजको पत्रकारिता प्रविधिबाट निर्देशित छ भन्दा अनुचित हुँदैन। विशेष गरी इन्टरनेटको विकास भएपछिका दिनमा सञ्चार र पत्रकारिता क्षेत्रमा प्रविधिको हस्तक्षेप बढेको छ र यसका राम्रा नराम्रा दुवै प्रभाव यस क्षेत्रमा अनुभूत गरिएको छ भन्दा अतिशयोक्ति हुँदैन। त्यसो त आजको विश्वमा एआइले प्रभावित नगरेको वा गर्न नसक्ने सम्भवतः कुनै पनि क्षेत्र छैन। तर सञ्चार र पत्रकारिता क्षेत्र एआइबाट सबैभन्दा बढी प्रभावित क्षेत्र हो भन्दा गलत नठहर्ला। पत्रकारितामार्फत सार्वजनिक गर्न निर्माण गरिने विषयवस्तु र त्यसको प्रसारण वा प्रकाशनका धेरै कार्यमा एआइ हस्तक्षेपकारी भूमिकामा प्रस्तुत हुनसक्ने अवस्थाको विकास भएको छ। यसमा विमति हुन सक्दैन। पत्रकारितामा तथ्यको खोजी र सम्प्रेषणको ठूलो महत्व हुन्छ। एक किसिमले भन्ने हो भने तथ्यको प्रस्तुति नै मूल पत्रकारिता हो पनि भन्ने गरिन्छ। अब यही तथ्यको खोजी र परीक्षणमा एआइ निर्णायक भूमिकामा उपस्थित हुने अवस्थाको सिर्जना भएको छ। आजको विश्वमा पत्रकारिताले आफ्नो स्वरुप र शैलीमा द्रुत गतिमा निरन्तर परिवर्तन गरिरहेको छ। आजको पत्रकारिता 'कम्प्युटर एसिस्टेड रिपोर्टिङ–कार' (कम्प्युटरको सहयोगमा आधारित रिपोर्टिङ) मा धेरैजसो निर्भर रहन थालेको छ। यो यथार्थलाई स्वीकार गर्ने हो भने एआइको हस्तक्षेप स्वीकार गर्नैपर्ने हुन्छ। एआइले तथ्यको खोजी र परीक्षणका सन्दर्भमा कम्प्युटरमा रहेका सबै जानकारीमाथि पहुँच स्थापित हुने क्षमता राख्दछ जो मानिसका लागि असम्भवप्रायः छ। यस्तोमा मानिसको नियन्त्रणमा फिल्ड (सम्बद्ध स्थान) र फिलिङ (भावना)मात्र बाँकी रहन जान्छ र यही नै उसको पत्रकारिताको मूल आधार बन्ने निश्चित छ। सारमा हेर्ने हो भने प्रविधि र खास गरी एआइको प्रभाव समग्र मिडिया र स्वतन्त्र प्रेस कमैमा पर्ने निश्चित छ।

आएएफजेले यसपटकको नारामा एआइका सन्दर्भमा सोसल एजेण्डा शब्दावली प्रयोग गरेको छ र यसको सोझो रुपमा नेपाली अनुवाद हुन्छ, सामाजिक मुद्दा। यो नाराका आधारमा भन्ने हो भने पत्रकारितामा एआइको विधिवत् प्रयोगलाई स्वीकारमात्र गरेको छैन बरु यसलाई पत्रकारिता गर्ने सन्दर्भमा सामाजिक मुद्दा मान्न पनि आह्वान पनि गरिएको छ। युनेस्कोको नामराको विश्लेषण गर्ने हो भने भन सकिन्छ, हो, इन्टरनेटमा आधारित डिजिटल प्रविधिले पत्रकारिताका माध्यमहरुलाई तीव्र बनाएको छ। प्रभावकारी पनि बनाउने प्रयत्न गरेको छ। आमव्यक्तिमा सूचनाको शीघ्र सम्प्रेषणलाई सहज बनाएको छ र यसै सेरोफेरोमा प्रेस स्वतन्त्रताप्रति सचेत हुन पनि अवस्था पनि सिर्जना भएको छ। पत्रकारितालाई व्यावसायिक पत्रकारहरुको कित्ताबाट नागरिक पत्रकारिताको कित्तामा पुर्याउने काम गरेको डिजिटल प्लेटफर्म र एआइलाई पछिल्लो समयमा सशक्त माध्यमका रुपमा स्वीकार गरिएको छ। आज यस्तो अवस्था आइसकेको छ, जहाँ एआइबिनाको पत्रकारिताको कल्पना गर्न नसकिने अवस्था उत्पन्न भएको छ। माथि उल्लेख गरिएका सन्दर्भमध्ये कति विषय उचित र कति अनुचित हुन् त्यसका बारेमा बहस चल्दै गर्ला। तर वर्तमान अवस्थाले दुईवटा कुरा बडो गम्भीर ढङ्गले सोच्न उत्प्रेरित गरेको छ, त्यो हो पहिलो, पत्रकारिताको रचनात्मक (क्रिएटिभ) र विश्वसनीयताको पक्ष कमजोर बन्दै जानु र दोस्रो हो, प्रेसमाथि डिजिटल प्रविधिको बढ्दो हस्तक्षेप।



प्रविधिको प्रयोगले पत्रकारितालाई यति प्रतिस्पर्धी बनाएको छ कि आजको समयमा पत्रकारले कुनै पनि घटना र स्कूपलाई एकछिन पनि 'होल्ड' गर्न सक्दैन। एकजनाले होल्ड गरेछ भने पनि अर्को पत्रकारले त्यस्ता सूचना तत्काल सम्प्रेषण गर्छ। यसो गर्दा उसले सूचनाको सत्य स्थापित गर्न आवश्यक सम्पादकीय प्रक्रिया (एडिटोरियल प्रोसेस) र 'गेट किपिग' को अवधारणालाई अनुशरण गर्न सकेको हुँदैन। तर एआइ 'प्रयोग' भएको हुनसक्छ। यसले निश्चय पनि समाचारमा विश्वसनीयताको सङ्कट निम्त्याउँछ । जान्नेहरुले एआइलाई आफूअनुकूल 'प्रयोग' गर्न सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन । 'डाटा मेनिपुलेशन'को सम्भावनाले एकातिर विश्वसनीयताको सङ्कट निम्त्याउन सक्छ भने अर्कोतिर प्रविधिको अत्यधिक प्रयोग गर्न सक्नेको पहुँचमा पत्रकारिता जान सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन।

एआइको प्रयोग हार्ड न्यूज (घटनाप्रधान समाचार) का सन्दर्भमा त पूरै लागू हुन सक्छ तर पत्रकार सचेत र जिम्मेवार भयो भने सफ्ट न्यूज (विषय वा प्रक्रिया प्रधान समाचार)का सन्दर्भमा पत्रकारिताको मौलिकता जोगिन सक्छ। पछिल्लो प्रकारको समाचारको आधार खोजी पत्रकारिता हो। यसमा 'कारण' र 'परिणाम'को खोजी गर्नु आवश्यक हुन्छ भन्ने बुझाइका आधारमा पत्रकारको सक्रियता बढ्न सक्ने अपेक्षा गरिनु अनुचित हुँदैन। यसो भयो भने एआइ र डिजिटल प्रविधि पत्रकारका लागि सहयोगी हुन सक्छ र पत्रकारको सक्रियताले पत्रकारिताको रचनात्मकता जोगिन सक्छ।

आजको पत्रकारिता प्रविधिबाट यति बढी प्रभावित भइसक्यो कि मानिसले प्रतिस्पर्धा गर्नसक्ने सम्भावनाका सन्दर्भमा क्रमशः चुनौती थपिँदैछन्। माथि पनि चर्चा गरियो आज पत्रकारितामा एआइ र रोबोटको प्रयोग भइरहेको अवस्था छ। प्रविधिको यस हदसम्मको प्रयोगले पत्रकारितालाई क्रमशः परनिर्भरतातर्फ धकेलिरहेको छ भन्दा अस्वाभाविक हुँदैन। यस्तोमा पत्रकारिताको मौलिकतामाथि सङ्कट निम्तिन सक्ने सम्भावनालाई अस्वीकार गर्न सकिँदैन। यसको एकमात्र उपाय छ, त्यो हो पत्रकारको स्वसक्रियता। पत्रकारले प्रविधि निर्देशित कन्टेन्ट (विषय) मा भर पर्नुको साटो आफूले कारण र परिणामको औजार प्रयोग गरेर खोजेको विषयलाई प्रविधिको सहयोगले थप सशक्त बनाउनु आवश्यक छ।

माथिको पृष्ठभूमिका आधारमा युनेस्को र आइएफजेको नारा नेपालका सन्दर्भमा पनि सान्दर्भिक त छँदैछ अझै यसलाई सामाजिक एजेण्डाकै रुपमा स्वीकार गरेर पत्रकारितालाई दिशानिर्देश गर्न गरिएको आह्वान निकै महत्वपूर्ण छ। हो, आजको समयमा एआइको अस्तित्वलाई अस्वीकार गर्न सकिने अवस्था छैन। माथि चर्चा गरेजस्तै प्रत्येक क्षेत्रमा एआइको बढदो प्रयोगले सामाजिक मूल्य मान्यता नै प्रभावित हुन सक्ने अवस्था रहेको वर्तमान समयमा एआइ र यसले सिर्जित गरेको प्रभावको मूल्याङ्कन निश्चय पनि पत्रकारिताको महत्वपूर्ण विषयवस्तु हुने कुरामा दुई मत हुन सक्दैन। यो अवस्था भनेको पत्रकारिताका लागि एआइ साध्य र साधन दुवै बन्न सक्ने सम्भावना हो। यो यथार्थलाई पत्रकार र पत्रकारिताले जतिसक्दो छिटो स्वीकार गरेर आवश्यक रणनीति तय गर्नु अपरिहार्य छ।

विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३)को पूर्व सन्ध्या (मे २)मा नेपालमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले आठौँ राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस (आइसिटी डे)को आयेजना गर्यो। संयोग नै मान्नुपर्छ, विश्व प्रेस सवतन्त्रता दिवसभन्दा एकदिन पहिले यस कार्यक्रममा प्रधानमन्त्री र सञ्चारमन्त्री दुवैजनाबाट डिजिटल नेपाल र एआइको प्रयोगबारे विस्तृतमा चर्चा भएको थियो। निश्चय पनि उक्त अभिव्यक्तिहरुका आधारमा भन्न सकिन्छ सरकारले एआइका बारेमा आफ्नो धारणा स्पष्ट ढङ्गले देशवासीका सामु राखेको छ। विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा युनेस्कोको यस वर्षको विषय र नेपाल सरकारद्वारा आइसिटी डेका दिन सार्वजनिक गरिएको धारणाको एकअर्कासँग तादात्मय छ। आशा छ, सरकारले भावी दिनमा यससम्बन्धी आवश्यक नीति तय गर्नेछ र एआइको सुरक्षित र प्रभावकारी प्रयोगका सन्दर्भमा उचित वातावरण निर्माण गर्नेछ। रासस

# 'अपाङ्गता अधिकारसम्बन्धी ऐनको पूर्णरुपमा कार्यान्वयन हुनुपर्छ'



पदमबहादुर परियार

मुख्य कुरा म प्रदेश सांसद र पालिकाका प्रमुख र उपप्रमुखले मत दिएर अपाङ्गता कोटाबाट संसद्मा आएको हो। त्यसैले म अपाङ्गता भएका व्यक्तिप्रति उत्तरदायि हुनैपर्छ। हाम्रोमा ऐन बन्छ तर कार्यान्वयनमा समस्या छ। विसं २०७२ मा संविधान जारी भयो। २०७४ सालमा अपाङ्गता भएका व्यक्तिसम्बन्धी ऐन जारी भएको छ। तर त्यसको सही ढङ्गबाट कार्यान्वयन हुन सकेको छैन। ऐनमा अपाङ्ता भएका व्यक्तिलाई सरकारले तोकिदिएबमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा उच्च शिक्षा उपलब्ध गराउने भनिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिलाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरुको आवश्यकताबमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पनि भनिएको छ। तर कार्यान्वयन छैन। मेरो माग भनेको कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालगायत राज्यका सबै संरचनामा अपाङ्गता भएका व्यक्तिको समान सहभागिता हुनुपर्छ।

संविधानको धारा ४६, १३३ (२) र (३) बमोजिम अपाङ्गता भएका व्यक्तिलाई प्रतिनिधिसभा र प्रदेशसभामा अनिवार्य रुपमा समानुपातिक निर्वाचन हुने भनिएको व्यवस्थाको कार्यान्वयन हुनुपर्छ। पनि त्यसको कार्यान्वयन हुन सकेको छैन। आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका अपाङ्गता भएका व्यक्तिलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने संवैधानिक व्यवस्थाको पूर्ण कार्यान्वयन हुन जरुरी छ। त्यस्ता अपाङ्गतासँग जोडिएका धेरै व्यवस्था छन संविधानमा। तर कार्यान्वयनमा सरकारको चासो छैन। म अहिले राष्ट्रियसभाको सांसद छु। संसद्मा अपाङ्गता भएका व्यक्ति र दलित समुदायको अधिकारको बारेमा बोली नै रहेको हुन्छु। त्यससँगै देशको समसामयिक विषयमा संसद्मा कुरा उठाउने विषय भई नै हाल्यो। मैले संसद् बैठकको प्रत्येक प्रसारण साङ्केतिक भाषामा पनि हुनुपर्ने माग उठाउँदै आएको छु।

व्यक्तिको अधिकारसम्बन्धी महासन्धि र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐनको कार्यान्वयनको मागपनि गर्दै आएको छु। शिक्षा, निजामती र प्रहरीलगायतका ऐनलाई पनि अपाङ्गमैत्री बनाउनुपर्ने मेरो माग छ। बहिरा नागरिकका हकअधिकार प्रदान गर्ने सन्दर्भमा विद्यमान कानुनी व्यवस्था र सामाजिक दृष्टिकोण अझै विभेदपूर्ण रहेका छन् तिनलाई सच्याउनुपर्ने छ। अर्को कुरा भनेको, दलित समुदायको संवैधानिक हक कार्यान्वयन गर्न आवश्यक ऐन निर्माणमा सरकारको उदासीनता देखाएको छ। संविधानको धारा ४० मा दलित समुदायका लागि विशेष हक र सुविधाको व्यवस्था गरिएको छ। यो धाराले राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी गराउने, सार्वजनिक सेवा तथा रोजगारीमा विशेष प्राथमिकता दिने, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, भूमि सुधार, परम्परागत पेसा संरक्षण र सीप विकासमा सहायता प्रदान गर्ने व्यवस्था गरेको छ। तर, कार्यान्वयन छैन। अहिले पनि दलित समुदायको आफ्नो नाममा जमिन छैन। उनीहरु आर्थिक, सामाजिक र राजनीतिक रुपमा पनि पछाडि गर्दै आएका छन्।

जहाँसम्म संविधान कार्यान्वयन र संशोधनको विषयलाई हर्दा संविधान केही हदसम्म कार्यान्वयन भएको छ। तर दलित, महिला, मधेसी, आदिवासी जनजाति, उत्पीडित वर्ग र क्षेत्रको सवालमा कार्यान्वयन हुन सकेको छैन। पहिला संविधानमा व्यवस्था कार्यान्वयन गर्नुपर्छ। कार्यान्वयन नगर्दै संविधान गर्नु कति उचित हुन्छ। हो, कतिपय संवैधान व्यवस्थाका कारण काम गर्ने सवालमा अफ्ठ्याराहरु आएका होलान। तर उत्पीडित समुदायको संवैधानिक अधिकार पनि कार्यान्वयनमा सरकार गम्भीर हुनुपर्छ। उनीहरुबारे कानुन निर्माणमा सरकारले चासो देखाउनुपर्छ।

सङ्घीययतालाई अझै बलियो बनाउनका लागि सङ्घीय सरकारले प्रदेश र स्थानीय सरकारलाई पूर्ण अधिकार दिनुपर्छ। अधिकारजति सबै सङ्घमा राखेर सङ्घीयताको कार्यान्वयन हुन्छजस्तो मलाई लाग्दैन।

मेरा मतदाता भनेका प्रदेश सांसद हुन्। म उनीहरुप्रति उत्तरदायी प्रदेशका समस्या सभामा राख्दै आएको छ। अहिले संसद्मा प्रादेशिक समय पनि छुट्याइएको छ। त्यो समयमा आफूलाई निर्वाचन गर्ने प्रदेश र पालिकाका सवालमा मात्रै कुरा राख्न सकिन्छ। मैले प्रादेशिक र शून्य र विशेष समयमा पनि मेरा मतदाताका सवाल र समस्या उठाउने गरेको छ। तर त्यहाँ पनि कार्यान्वयन कै समस्या छ। संसद्मा जति कराउ पनि सरकारले सुन्ने होइन। तर पनि बोल्न छोको छैन। युवा पलायन रोक्नका लागि सरकारसँग स्पष्ट योजना हुनुपर्छ। बिना योजना हुँदैन। जस्तो वैदेशिक रोजगारीको सिलसिलामा विदेश गएका युवालाई ररोक्नका लागि स्वदेशमा रोजगारी दिन सक्नुपर्छ। रोजगारीको निम्ति देशमा कलकारलखाना सञ्चालन गर्नुपर्छ। त्यसको लागि सरकारले लगानी गर्नुपर्छ। नभए विदेशी लगानीलाई सहज बनाउनुपर्छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# 'संविधान जारी भएपछि हालसम्म २१४ ऐन बनेका छन्'

**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियाले संविधान जारी भएपछि हालसम्म २१४ ऐन बनाइसकेको बताएका छन ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश र फेडरलिज्म एउण्ड लोकलाइजेसन सेन्टरले यहाँ शनिवार आयोजना गरेको 'विद्यायिक अन्तरसम्बन्ध र कानुनको मापन' अन्तरक्रियामा उनले आवश्यकताअनुसार कानुन बनाउने काम भइरहेको बताए ।

उनले भने 'आवश्यकताअनुसार थप कानुन बनाउने काम पनि भइरहेको छ, अब सङ्घीय सरकारले कानुन बनाउँदा व्यवस्थित ढङ्गले सरोकारवालासँग छलफल गरेर मात्रै बनाउने छ, प्रदेश, अन्तरसम्बन्धित, स्थानीय तहसम्बन्धी कानुन बनाउँदा विज्ञको सुझावको आधारमा कानुन बनाइने छ ।'

देशको वर्तमान व्यवस्थामाथि प्रहार गर्ने काम भइरहेको उल्लेख गर्दै मन्त्री चौरसियाले तीनै तहबीचको सहकार्य, समन्वय र सहमतिमै देशमा भइरहेको भ्रष्टाचारको अन्त्य गर्नुपर्नेमा जोड दिए । उनले भने, 'स्थानीय, प्रदेश र सङ्घीय गरी तीन तहको अधिकारको सम्बन्धमा संविधानले नै व्यवस्था गरेको छ, यसको विषयमा धेरै कम मात्रै विवाद छ, केही साझा अधिकारको विषय छ, ती साझा अधिकारको सम्बन्धमा तीनै तहले आआफ्नो आवश्यकताअनुसार कानून बनाउने कुरा तोकिको छ, त्यो काम भैरहेको छ ।'

स्थानीय सरकारलाई अझै व्यवस्थित गर्दै अनुशासनमा ल्याउने काममा गाउँपालिका महासङ्घ र नगरपालिका महासङ्घले भूमिका निर्वाह गर्नुपर्ने मन्त्री चौरसियाको भनाइ छ । उनले सङ्घीय सरकारले कानून बनाउँदा स्थानीय र प्रदेश सरकारको अधिकार कटौती गर्नेभन्दा पनि सुरक्षित गर्ने गरी कानून बनाउने प्रतिबद्धता व्यक्त गरे ।

मन्त्री चौरासियाले जनताको आवश्यकताको आधारमा छलफलको माध्यमबाट सबै राजनीतिक दलको सहमतिमा मात्रै संविधान संशोधन हुने विश्वासनपनि व्यक्त गरे । समानुपातिक निर्वाचन प्रणालीलाई असर नपर्ने गरी कानुन संशोभन हुने उनको भनाइ छ ।

त्यस अवसरमा राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले संविधानले व्यवस्था गरेको शासकीय संरचना, सङ्घीयता र कानुनी पूर्णताका लागि न्यूनतम आवश्यक कानुन निर्माणमा ढिलासुस्ती गर्न नहुने बताईन । उनले संविधानमा कतिपय राम्रा व्यवस्था हुँदाहुँदै पनि प्रभावकारी कार्यान्वयन नहँुदा प्रतिफलमुखी हुन नसकेको उल्लेख गरे ।

उनले भनिन 'पहिचान भएका कानुन निर्माण र कार्यान्वयनको चरण पहिले पूरा गर्नुपर्छ, संविधानको मर्म, विधायिकाको मनसाय र जनताको आमअपेक्षाको सम्बोधनका लागि संविधान कति कार्यान्वयनमा आयो आएन समीक्षा अत्यावश्यक छ ।' उपाध्यक्ष घिमिरेले कानुनको कार्यान्वयन मापन एवं उत्तर विधायिकी परीक्षणको कार्य सरकारसँग समन्वय गरी सङ्घ र प्रदेशमा गर्नुपर्ने बताउँदै अब सम्बन्धित सभाका नियमावलीमा त्यसको व्यवस्था गरिनुपर्ने बताईन ।

'सरकारले संसदमा पेस गर्ने नीति तथा कार्यक्रम, सिद्धान्त र प्राथमिकता, पूर्वबजेट छलफल एवं संसद्बाट अनुमोदित बजेट, बजेटको खर्चका सम्बन्धमा अध्ययन विश्लेषण गरी संसद् सदस्यलाई अनुसन्धानात्मक सेवा पु¥याउन संसदीय बजेट कार्यालय स्थापना गर्न जरुरी देखिन्छ', उनले भनिन । कानुन बने पनि कानुनबारे सर्वसाधारणलाई जानकारी नभएको, लक्षित वर्ग लाभान्वित हुन नसकेको तथा कतिपय कानुन पाँच वर्षसम्म कार्यान्वयनमा नै नआएको भन्दै उपाध्यक्ष घिमिरेले कानुन कार्यान्वयनको अवस्था अध्ययन गरी आवश्यक सुधार गर्नुपर्ने आवश्यकता औँल्याईन ।

'संसद्को मूल जिम्मेवारी नै कानुन तर्जुमा भएपछि कानुनको रेखदेख र प्रभावकारिता अनुगमन गर्नु हो, कानुनको औचित्य, आवश्यकता र प्रभावकारिताका सन्दर्भमा बुझ्नु जनताको प्रतिनिधिमूलक अङ्ग संसद्कै भूमिका बढी हुन्छ', उनले भनिन । कानुन कार्यान्वयनमा समग्र पक्षको सामयिक अनुगमन, मूल्याङ्कन र निर्देशन अनिवार्य भएको उनको भनाइ छ ।

बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले प्रदेश सरकारलाई अझै सक्रिय बनाउनका लागि सङ्घीय सरकारले निजामती, शिक्षा र प्रहरीलगायत आवश्यक कानुन जतिसक्दो चाँडो बनाउनुपर्नेमा जोड दिए ।रासस

# गणतन्त्र स्थापनामा मगर समुदायले गरेको योगदानको सराहना

**ललितपुर ।**
पूर्वउपराष्ट्रपति एवं नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष नन्दकिशोर पुनले गणतन्त्र स्थापनामा मगर समुदायले गरेको योगदानको सराहना गरेका छन ।

माओवादी केन्द्र निकट मगर राष्ट्रिय मुक्ति मोर्चाको शनिवार स्थानीय चाङ्गाथलीमा आयोजित बागमती प्रदेशको दोस्रो सम्मेलनमा उनले आफ्ना अधिकार स्थापित गर्न समुदायका सबै एकताबद्ध हुनुपर्नेमा जोड दिए ।

संसदमा पनि आफ्नो पार्टी सशक्त रहेको चर्चा गर्दै माओवादी केन्द्रले सञ्चालन गरेको तराई–मधेस जागरण अभियानप्रति जनताबाट रचनात्मक प्रतिक्रिया प्राप्त भएको बताए ।

पार्टीका केन्द्रीय सदस्य हरि दाहालले जनवर्गीय संगठनको क्रियाशीलताले पार्टी सबल बन्ने बताए ।

मोर्चाका महासचिव जीवन मगरले देशको राजनीतिक परिवर्तनमा मगर समुदायको योगदान बिर्सन नहुने बताए ।मोर्चाका केन्द्रीय सचिव केशव मगरले सबै जनवर्गीय सङ्गठनलाई पार्टी नेतृत्वले एकताका सूत्रमा आबद्ध गर्नुपर्नेमा जोड दिए ।रासस

# कानुनी अनुसन्धानको प्रणालीमा सुधार गर्नुपर्ने

**लुम्बिनी ।**
सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्लले कानुनी अनुसन्धानको वर्तमान प्रणालीलाई सुधार गर्नुपर्ने बताएकी छन ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको स्कुल अफ लले आयोजना गरेको 'राष्ट्रिय अभ्यास अदालत' प्रतियोगिताको पुरस्कार वितरण कार्यक्रममा नेपालको संविधानले करुणासहितको न्यायको कल्पना गरेको उनले बताईन ।

अरुलाई पीडाबाट मुक्त गराउनु न्यायको अभिप्राय भएको उल्लेख गर्दै उनले भनिन, 'कानुन र करुणा एकअर्काका विपरीत होइनन्, कानुनले न्याय बुझ्नुपर्छ, करुणायुक्त न्याय आजको आवश्यकता हो, त्यसो भएन भने न्याय हुँदैन । अपराधको अनुसन्धान र अभियोजनामा पनि करुणा हुनुपर्छ ।'

लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्तीले कानुनमा न्यायिक करुणाको व्यवस्था हुनुपर्ने विचार व्यक्त गरे ।

महान्यायाधिवक्ता रमेश बडालले बुद्धले दिएका सन्देशलाई न्याय प्रणालीमा रुपान्तरण गर्दै जान आवश्यक रहेको बताए ।

नेपाल बार एशोसिएशनका अध्यक्ष विजयप्रसाद मिश्रले बौद्ध न्याय प्रणालीलाई न्यायसम्पादनमा अनुशरण गर्दा कानुनी क्षेत्रमा नयाँ अभ्यास स्थापित हुने बताए ।

लुम्बिनी बौद्ध विश्वविद्यालयका रजिष्ट्रर डा तिलकराम आचार्यले राष्ट्रिय एवं अन्तरराष्ट्रिय बजारमा बिक्न सक्ने जनशक्ति विश्वविद्यालयले उत्पादन गर्दै आएको बताए ।रासस

# एकजुट भएर अगाडि बढ्न एनआरएनलाई परराष्ट्रमन्त्री डा राणाको आग्रह

**काठमाडौँ ।**
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले गैरआवासीय नेपालीहरूलाई एकजुट भई अगाडि बढ्न आग्रह गरेका छन ।

शनिवार काठमाडौँमा आयोजित गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) उच्चस्तरीय समितिले आयोजना गरेको एकता महाधिवेशनमा सम्बोधन गर्दै उनले संस्थाभित्र राजनीति नगरी एकताबद्ध भई अगाडि बढ्न आग्रह गरिन ।

उनले भनिन, 'एनआरएनए राजनीति गर्ने संस्था होइन, तपाईँहरू आफू आबद्ध पार्टीमा राजनीति गर्न सक्नुहुन्छ, संस्थाको पवित्र उद्देश्य पूरा गर्न निःस्वार्थ भावनाका एकताका लागि जुट्न म तपाईँहरूलाई आग्रह गर्दछु ।' उनले एनआरएनको उद्देश्य पूरा गर्नका लागि एकबद्ध भई सक्रियतापूर्वक लाग्न र त्यसका लागि आफू र परराष्ट्र मन्त्रालयले आवश्यक सहजीकरण गर्ने प्रतिबद्धता व्यक्त गरिन ।

उनले पछिल्लो समय एनआरएनएमा विवाद देखिएको र उक्त विवाद समाधानका लागि सर्वोच्च अदालतको आदेशानुसार भइरहेको एकता महाधिवेशनलाई सफल पार्न भूमिका खेल्ने सबै धन्यवादको पात्र भएको उल्लेख गरिन । 'तपाईँहरूले आफूभन्दा ठूलो संस्था र संस्थाभन्दा ठूलो देश हो भन्ने भावना बोकेकै कारण अहिले एकता महाधिवेशन सम्भव भएको हो', उनले भनिन, 'तपाईँहरू राजनीति गरेर मन्त्री र प्रधानमन्त्री बन्ने होइन, गैरआवासीय नेपालीहरूको हितका लागि हो, त्यसैले सङ्घमा राजनीति मिसाउनु उचित होइन ।' उनले सङ्घभित्र भएका मतभेद त्यागेर एकताका साथ एनआरएनएको उद्देश्य पूरा गर्नका लागि सबै एकजुट हुनुको विकल्प नभएको दोहोर्याईन ।

परराष्ट्रमन्त्री डा राणाले विदेशमा रहेर नेपालप्रति देखाएको भावना आफूले बुझेको उल्लेख गर्दै विश्वमा नेपाली संस्कृति, खाना र पहिचानलाई फैलाउन निर्वाह गरेको भूमिका सराहनीय भएको बताईन । उनले नेपालसँग स्रोतसाधन भए पनि विश्वमा विकास भइरहेको प्रविधि, नयाँ व्यवस्थापकीय कला र पुँजीको अभाव भएकाले त्यसको पूर्ति गैरआवासीय नेपालीहरूले गर्न सक्ने उल्लेख गरे । उनले गैरआवासीय नेपालीहरूलाई नेपालमा लगानी बढाउन आग्रह गर्दै आर्थिक सुधारको बाटोमा सहकार्य गर्न आवश्यक रहेकामा जोड दिए ।

परराष्ट्रमन्त्री डा राणाले परराष्ट्र मन्त्रालयले पनि नेपाली डायस्पोरालाई हेर्ने एकाइ गठन गरेको उल्लेख गर्दै त्यसबाट सहजीकरण तथा सेवा सुविधा उपलब्ध गराउन आफू प्रतिबद्ध रहेको बताए । 'अहिले एनआरएन कार्डको पनि विषय चलिरहेको छ, यस विषयमा अहिले मस्यौदा बन्दै छ, मस्यौदामा धेरैभन्दा धेरै सेवा सुविधा समावेश गर्नेगरी काम भइरहेको छ', उनले भने ।रासस

# 'देशको जिम्मेवारी तरुणको काँधमा छ'

**नवलपरासी ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले तरुणहरुको काँधमा देशको जिम्मेवारी रहेको बताएका छन । नवलपरासी (बर्दघाट– सुस्तापूर्व) को गैँडाकोटमा शनिवार आयोजित नेपाल तरुण दलको पूर्णकालीन सदस्यता वितरण कार्यक्रममा उनले भविष्यमा देशको नेतृत्व युवाले गर्ने भएकाले राष्ट्रलाई केन्द्रमा राखेर काम गर्न उनीहरुलाई आह्वान गरे ।

राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको सुदृढीकरण तथा देशको आर्थिक विकासका निम्ति युवावर्गले सचेत भएर काम गर्नुपर्ने उनको भनाइ थियो ।यसैबीच, नेता कोइरालाले शुक्रबार प्रस्तुत आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम अक्षरसः कार्यान्वयमा जोड दिए ।

चितवनामा पत्रकारहरुसँग कुरा गर्दै उनले नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम उपयोगी रहेका र तिनको अक्षरसः कार्यक्रम अपरिहार्य छ भने । नीति तथा कार्यक्रम कार्यान्वयन पक्ष फितलो हुननहुनेमा उनको जोड थियो ।फरक प्रसङ्गमा उनले पार्टीको १५औँ महाधिवेशन तोकिएको समयभित्रै गर्नुपर्ने बताए । महाधिवेशनले पार्टीलाई एकताबद्ध बनाउने बताउँदै उनले महाधिवेशनबाट पार्टी अझ सशक्त बन्ने विश्वास व्यक्त गरे । रासस

# 'राजनीतिक दलको विचार फरक भए पनि राष्ट्रिय दृष्टिकोण एकै हुनुपर्छ'

**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का उपाध्यक्ष अग्निप्रसाद सापकोटाले राजनीतिक दलको विचार फरक भए पनि राष्ट्रिय दृष्टिकोण एकै हुनुपर्नेमा जोड दिएका छन । माक्र्सवादी ज्ञान केन्द्रले शनिवार आयोजना गरेको 'गणतन्त्र अगाडि र पछाडिको नेपालः तुलनात्मक अध्ययन' शोधग्रन्थमाथिको पृष्ठपोषण कार्यक्रममा उनले राष्ट्रिय दृष्टिकोण निर्माणमा दलहरूबीच बहस हुन नसक्नु दुःखद् भएको बताए ।

पूर्वसभामुख सापकोटाले समाजवाद नै अहिलेको सर्वोत्कृष्ट राजनीतिक व्यवस्था भएकाले राष्ट्रिय पुँजीको विकास गरेर त्यसतर्फको यात्रा अघि बढाइनुपर्नेमा जोड दिए। उनले भने, 'संविधानसभाबाट जारी संविधानमा समाजवादोन्मुख राज्य व्यवस्था हुने भनेर उल्लेख गरिएको छ, यो ठूलो उपलब्धि हो, अब संविधानमा टेकेर वैज्ञानिक समाजवादका लागि सङ्घर्ष गर्नुपर्छ ।'

राजनीतिक परिवर्तन पछाडि जनअपेक्षाअनुसार आर्थिक सामाजिक रुपान्तरण नभएको स्वीकार्दै उनले गणतन्त्र र राजतन्त्रबीच कुनै हालतमा तुलना गर्न नमिल्ने बताए ।

नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले राष्ट्रिय मुद्दामा पक्ष–विपक्ष नभई दलहरू एक ठाउँमा उभिनुपर्ने बताए । 'परराष्ट्र नीति, आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, रोजगारीका एजेण्डामा साझा सङ्कल्प गर्न सक्यौँ भने मात्र मुलुकको समृद्धि सम्भव छ', उनले भने । जनअपेक्षा पूरा गर्न सन्तुलित र समानुपातिक विकासको अवधारणा कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै उनले कांग्रेसले समाजमा देखिएको नैराश्यताको गम्भीर अध्ययन आवश्यक भएको बताए ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सचिव सावित्राकुमारी भुसालले राजनीतिक परिवर्तनपछाडिको आर्थिक तथा सामाजिक अवस्था प्रगतिपथमा रहेको उल्लेख गर्दै बहुदलपछि नवउदारवादको नक्कल गरेर राष्ट्रिय उद्योगधन्दा निजीकरण गर्दा मुलुकले दुर्दशा भोगिरहेको बताए । बाग्मती प्रदेशसभा सदस्य इन्द्र गौतमले गणतन्त्रको स्थापनापछि मुलुकले फड्को मारेको जनाउँदै गणतन्त्र अघि र पछिको अवस्थाबारे तुलनात्मक अध्ययन गरेर शोधग्रन्थ प्रकाशन गर्दा राजनीतिक परिवर्तनपछिको उपलब्धिको दस्तावेजीकरण हुने बताए ।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा चन्द्रमणि अधिकारीले नागरिकको चेतना र खुलापनले अहिलेको आर्थिक र सामाजिक उपलब्धिलाई लिएर चित्त बुझाउने अवस्था नरहेको बताए । 'हिजोसँग तुलना गर्दा 'छलाङ' मारेका हौँ, तर यतिले मात्र पुगेको छैन भनेर स्वीकार गर्नुपर्छ', उनले भने, 'अब मुलुकको नेतृत्व गर्ने दायित्व नयाँ पुस्ताको हो भनेर सिकाउनुपर्छ ।'

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक बालमुकुन्द रेग्मी र नेपाल खुला विश्वविद्यालयका उपप्राध्यापक रुमा मानन्धरले गणतन्त्रपछि मुलुकले धेरै क्षेत्रमा प्रगति हासिल गरिरहेको उल्लेख गर्दै अब समाजवादी विकासको मोडल अपनाउनुपर्नेमा जोड दिए ।

केन्द्रका अध्यक्ष मनहरि तिमिल्सिनाले गणतन्त्र अगाडि र पछाडिको नेपाल आर्थिक तथा सामाजिक विकासको अवस्थाबारे आमनागरिकलाई जानकारी दिन शोधग्रन्थ तयार गर्न लागिएको जानकारी दिए । शोधग्रन्थ अनुसन्धान संयोजक डा निमानन्द रिजालले गणतन्त्र घोषणापछि वैदेशिक ऋणको अनुपात घटेको, आन्तरिक तथा बाह्य लागनी, पूर्वाधार निर्माण, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षालगायत आधारभूत सुविधाको पहुँच अभिवृद्धि भएको तथ्याङ्क प्रस्तुत गरे ।रासस

# नीति तथा कार्यक्रम सही छन् ढुक्कले समर्थन गर्नुहोस्ः प्रधानमन्त्री

**काठमाडौँ ।**
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलका नेता केपी शर्मा ओलीले सङ्घीय संसद्मा शुक्रबार प्रस्तुत सरकारको नीति तथा कार्यक्रम देशमा राजनीतिक स्थायित्व, विकास र सुशासनका लागि सही ढङ्गले आएकाले ढुक्क भएर दृढतापूर्वक तिनलाई समर्थन गर्न आफ्नो दलका सांसद्हरुलाई निर्देशन दिएका छन ।

प्रधानमन्त्री निवास, बालुवाटारमा शनिवार भएको नेकपा (एमाले) संसदीय दलको बैठकमा प्रधानमन्त्री ओलीले देशमा स्थिर सरकार, राजनीतिक स्थायित्वका साथ सुशासन कायम गरी अर्थतन्त्रको विकासलाई तीव्र गतिमा अगाडि बढाउने सरकारले लक्ष्य लिएको बताए ।

'हाम्रा नीतिहरु सही छन्, यसमा साथीहरु ढुक्कले लागे हुन्छ । संसदीय प्रक्रियामा विपक्षीले विरोधका लागि विरोध गर्ने भएकाले तिनका कुरामा सत्यता छ कि भनेर लाग्नुुपर्दैन । हामीले सही कुराको पक्ष दृढतापूर्वक लिनुपर्छ । हामीले विपक्षमा रहँदा सही कुराको विरोध गरेका थिएनौँ ।'', पार्टी अध्यक्ष ओलीले भने, 'हाम्रो दलमा वैचारिक एकता छ । स्पष्टता र दृढता हामीसँग छ, यो स्पष्टता र दृढतालाई संसद्का गतिविधिमा अझ प्रभावकारी रूपमा प्रकट गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।'

प्रधानमन्त्री ओलीले विकासका दृष्टिले पछाडि परेको समूहको उत्थान हुनेगरी सरकारले काम गरिरहेको जनाउँदै समाजप्रति उत्तरदायी, प्रतिपक्षप्रति संवैधानिक रूपमा सहकार्य, शान्ति सुुव्यवस्थाप्रति जिम्मेवर र आम जनताप्रति जवाफदेही भएर नीति तथा कार्यक्रम ल्याइएको बताए ।

प्रधानमन्त्रीको निजी सचिवालयका अनुसार समाजमा विकासको प्रतिफल प्राप्त गर्नबाट वञ्चितहरुको पहुँच वृद्धि हुनुपर्छ भन्नेमा स्पष्टताका साथ सरकार अघि बढेको बताउँदै उनले राष्ट्रिय र मानवीय हितलाई केन्द्रमा राखेर छिमेक तथा अन्तरराष्ट्रिय सम्बन्ध कायम गर्दै आएको उल्लेख गरे ।

दलको बैठकमा नीति तथा कार्यक्रमबारे एमालेका उपमहासचिव एवं प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल र आर्थिक विकास सल्लाहकार डा युवराज खतिवडाले मुलुकको समसामयिक राजनीति तथा आर्थिक उन्नयनका अवसर र चुनौतीबारे विचार व्यक्त गर्ने कार्यक्रम छ । त्यसपछि सांसदहरुबीच छलफल हुने छ ।

# विश्वमा आपसी मित्रता, प्रेम र सद्भाव जागृत गराउन आवश्यक छः राष्ट्रपति पौडेल

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले हाम्रो देश पूर्वीय ज्ञान परम्पराको स्रोत भएकाले यो ज्ञान, परम्परा र सभ्यताभित्र अनेक संस्कृति, सभ्यताको एकता एवं ऐक्यबद्धता रहेको बताएका छन ।

यो ऐक्यबद्धताले विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको भावना जागृत गराउनुपर्नेमा उनले जोड दिए ।

राष्ट्रपति पौडेलले शनिवार नागार्जुन –७ रामकोटमा निर्मित बद्रीनारायण मन्दिरको प्राण प्रतिष्ठा कार्यक्रममा 'हाम्रो देश पूर्वीय ज्ञान परम्पराको स्रोत हो ।

यो ज्ञान, परम्परा र सभ्यताभित्र अनेक संस्कृति र सभ्यताको एकता र ऐक्यबद्धता देख्न सकिन्छ । यो ऐक्यबद्धताले विश्वमा शान्ति, सहिष्णुता र बन्धुत्वको भावना जागृत गराउनुपर्छ, यसका लागि मानिसभित्र आपसी मित्रता, प्रेम, सद्भाव र सहअस्तित्वको पवित्र विचार सृजना गर्न आवश्यक छ', भने ।

सम्प्रदायभन्दा माथि धर्म र धर्मभन्दा माथि अध्यात्म हुन्छ भन्दै राष्ट्रपतिले वैदिक सनातन संस्कति र परम्पराको प्रवद्र्धन गर्न मन्दिरका माध्यमबाट योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । साथै उहाँले यसबाट धार्मिक पर्यटन प्रवद्र्धनमा पनि टेवा पुग्ने विश्वास व्यक्त गरे ।

'विश्वमा भौतिक विकासको होडबाजी बढ्दो छ, यसका कारण समाजमा शान्ति, सुव्यवस्था, आपसी सद्भाव, सहयोगको भावना खस्कदो छ, यो कुरा हामीले हाम्रै समाजमा पनि अनुभव गरिरहेका छौँ, आध्यात्मिक जागरण ल्याउन र यसबाट उत्पन्न हुने मानव सेवा भावले समाजमा प्रेम, सद्भाव र शान्ति स्थापना गरी सभ्य र सुसंस्कृत समाज निर्माणमा मन्दिरबाट योगदान पुग्ने मैले विश्वास लिएको छु', राष्ट्रपतिले भने ।रासस

# राहदानी नवीकरण सेवा शिविरमा आठ सय बढी लाभान्वित




**काठमाडौँ ।**
नेपाली दूतावास अबुधावीले सञ्चालन गरेको राहदानी नवीकरण सेवा शिविरमा ८०० भन्दाबढीले प्रत्यक्ष लाभ लिएका छन् । दूतावासले यही वैशाख १७ गतेदेखि १८ गतेसम्म उक्त शिविर सञ्चालन गरेको थियो ।

सो शिविरमध्ये शुक्रबार युएइमा कार्यरत नेपाली दाजुभाइ तथा दिदीबहिनीको निःशुल्क स्वास्थ्य शिविर पनि सञ्चालन गरिएको थियो । उक्त शिविरमा तीन सय बढीले सेवा लिएका थिए ।

नेपाली सेवाग्राहीलाई अहिल्या हस्पिटल अबुधावीका डा याशिर श्रेष्ठसहितको स्वास्थ्यकर्मीको टोलीले निःशुल्करुपमा आँखा, मधुमेह, ब्लड प्रेसरको परीक्षण गरेको थियो । स्वास्थ्य परीक्षणसँगै डा श्रेष्ठले शारिरीक तथा मानसिक समस्या र समाधानका विषयमा जानकारी गराउँदै उपस्थित नेपाली नागरिकसँग अन्तरक्रियासमेत गर्नुभएको नेपाली दूतावासले जनाएको छ ।

सो कार्यक्रममा दूतावासले श्रमसँग सम्बन्धित विविध विषयमा सचेतनामूलक जानकारीसमेत उपलब्ध गराएको थियो । सो अवसरमा कन्सुलर प्रमाणीकरणलगायत अन्य सेवा नियमितरुपमा सञ्चालन गरिएको थियो ।

राजदूतावासले सेवा प्रवाहसँगै यूएइमा कार्यरत नेपालीलाई शारिरीक तथा मानसिक स्वास्थ्य र श्रमसम्बन्धी विषयमा आवश्यकताअनुसार समयसमयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । राहदानी नवीकरणसम्बन्धी विशेष काउन्टर सञ्चालन गरी सेवा उपलब्ध गराउने कार्यमा गैरआवासीय नेपाली सङ्घ, युएइ तथ नेपाली समाज, युएइले स्वयंसेवक उपलब्ध गराइ सहयोग गरेको थियो ।

राहदानी नवीकरण प्रक्रियालाई सरल, सहज र छिटोछरितो बनाई प्रभावकारी सेवा प्रदान गर्न दूतावास सधैँ क्रियाशील र कटिबद्ध रहेको दूतावासले जनाएको छ । दूतावासले यसअघि पनि आवश्यकताअनुसार विभिन्न समयमा विशेष काउन्टर सञ्चालन गरेर यस किसिमका शिविर सञ्चालन गर्दै आएको छ । रासस

# रूपसे झरनामा पर्यटकीय पूर्वाधार

**म्याग्दी ।**
पर्यटकको सहजताका लागि म्याग्दीको अन्नपूर्ण गाउँपालिका–३ दानास्थित रूपसे झरनामा पूर्वाधार निर्माण थालिएको छ ।

चीन र भारतलाई जोड्ने कालीगण्डकी कोरिडोर, बेनी–जोमसोम–कोरला सडकको छेउमा रहेको रूपसे झरना अवलोकन गर्ने पर्यटकको सहजताका लागि अन्नपूर्ण गाउँपालिकाले तीन करोड रुपैयाँ भन्दा बढीको लागतमा पूर्वाधार निर्माण थालेको हो ।

सार्वजनिक शौचालय, फेदीदेखि झरनाको माथिल्लो भागसम्म पुग्ने पहाडमा फलामको रेलिङसहितको पदमार्ग, झ¥याङ र खाजाघरलगायतका पूर्वाधार गर्न लागिएको अन्नपूर्ण गाउँपालिका–३ का वडा अध्यक्ष रमेश पुर्जाले बताए ।

'सङ्घीय सरकारले तीन करोड ६४ लाख रुपैयाँ विशेष अनुदान उपलब्ध गराएको रूपसे झरना पर्यटन पूर्वाधार योजना कार्यान्वयनका लागि छनौट भएका निर्माण कम्पनीले काम थालेको छ,' उनले भने 'झरना परिसरमा व्यवस्थित पूर्वाधार बनाएर पर्यटकलाई सुरक्षित रूपमा अवलोकन गर्ने व्यवस्था मिलाउने उद्देश्य रहेको छ ।'

विसं २०८१ जेठ ३० गते सुन्दर निर्माण सेवाले तीन करोड २३ लाख ५५ हजार ३६९ रुपैयाँ मा ठेक्का सम्झौता गरेको योजना विसं २०८२ पुस २५ गते सम्पन्न गर्ने लक्ष्य राखिएको छ । हालसम्म करिब २० प्रतिशत भौतिक प्रगति भएको अन्नपूर्ण गाउँपालिकाका सवइञ्जिनियर बालकृष्ण पौडेलले जानकारी दिए ।

सडक छेउमा रहेको झरनाको फेदीमा कटान रोकथामका लागि पक्कि र पहिरो नियन्त्रण गर्न ग्याबीयन पर्खाल निर्माण भइरहेको छ । सो ठाउँको जग्गा सम्माएपछि प्रवेशद्वार, खाजाघर र टिकट काउन्टर बनाउने योजना रहेको वडा अध्यक्ष पुर्जाले बताए । फेदीदेखि झरनाको माथिल्लो भागसम्म पुग्ने पदमार्ग बनाउन भिरमा फलामको रड राखेर 'रक एङ्करिङ' गरिएको छ ।

करिब ३०० मिटर अग्लो झरनामा तीन वटा तह छन् । छङ्छङ् गर्दै झर्ने झरनामा इन्द्रेणी पर्दा आकर्षक देखिन्छ । झरनाको माथिल्लो तहदेखि बाजाढुङ्गा जोड्ने पदमार्ग, उद्यान, गोलघर र दृष्य अवलोकन स्थल बनाउन लागिएको छ ।

हिर्काउदा बाजाको आवाज सुनिने बाजाढुङ्गा परिसरदेखि रूपसे झरना, अन्धगल्छी र अन्नपूर्ण हिमशृङ्खलाको अवलोकन गर्न सकिन्छ । अन्नपूर्ण र धौलागिरि हिमालको बिचबाट बग्ने कालीगण्डकी नदीले कटान गरेर बनाएको संसारकै गहिरो खोच अन्धगल्छी रूपसे झरनाको नजिकै छ ।

विस २०७७ साउनमा रूपसे खोलामा आएको बाढीले त्यहाँ निर्माणाधिन पुल, होटल, पदमार्ग, लगायतका पूर्वाधार, पार्किङ गरेर राखिएका सवारीसाधन बगाउनुका साथै झरना र अन्धगल्छीलाई कुरूप बनाएको थियो ।

बाढीले क्षति पु¥याएका भौतिक संरचनाको पुनःनिर्माण र नयाँ पूर्वाधार थप गर्न लागिएको हो । झरना अवलोकन, तस्विर खिच्ने र भिडियो बनाउने क्रममा पर्यटक चिप्लिएर लड्ने, चोटपटक लाग्ने समस्या पूर्वाधार बनाएपछि हट्ने अपेक्षा गरिएको अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले बताए ।

मुस्ताङ भ्रमणमा आउने सबै पर्यटकले रूपसे झरनामा घण्टौँ समय बिताउँछन् । रूपसे झरनामा बिहानदेखि साँझसम्म अवलोकन गर्ने, तस्वीर र भिडियो खिचाउने पर्यटकको भीड लाग्ने गरेको वडासदस्य लालबहादुर पुनले बताए । रासस

# नीति तथा कार्यक्रमः बीमाको आर्थिक संकटसँग जुध्ने प्रयास

**काठमाडौँ ।**
विशिष्ट उपचार सेवा सङ्घीय राजधानीबाट सातै प्रदेशमा पुर्याउने महत्वाकांक्षी विषयलाई नीति तथा योजनामा समेटिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले गत साउन २७ गते सार्वजनिक गरेको योजना तथा प्राथमिकतामा आधारित भएर जसअनुसार सातै प्रदेशमा सघन जलन उपचार र मुटु रोग सेवा विस्तार गर्ने लक्ष्य नीति तथा कार्यक्रममा राखिएको छ ।

यसैगरी, क्यान्सर तथा मिर्गौला प्रत्यारोपण उपचारको सेवा प्रदेशस्तरमा विस्तार गर्ने कार्यक्रम सरकारले राखेको छ । पाठेघर क्यान्सरको एचपीभी खोप र १४ वर्ष मुनिका बालबालिकाका लागि निःशुल्क क्यान्सर उपचार सेवा दिने कार्यक्रम सरकारले तय गरेको छ । सरकारले सार्वजनिक गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा स्वास्थ्य बीमाको सुधार तथा स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रका महत्वपूर्ण सुधार प्रस्ताव गरिएका हुन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमार्फत कार्यान्वयन हुने गरी सार्वजनिक गरिएका विषयमा स्वास्थ्य बीमाको विद्यमान स्रोत अभावलाई कम गर्न छरिएको स्रोतलाई एकै ठाउँमा केन्द्रीत गर्ने तथा सरकारका सबै सहुलियत र सहायतालाई स्वास्थ्य बीमाअन्र्तगत नै वितरण गर्ने योजना तय भएको छ ।यो कार्यक्रमबाट स्वास्थ्य बीमामार्फत उपलब्ध हुने उपचार सहयोग वृद्धि हुने र अर्कोतिर आवद्ध हुने जनसंख्या बढ्ने अपेक्षा गरिएको छ ।

स्वास्थ्य बीमा प्रणाली एकीकृत गरी उपचारको दायरा विस्तार, गम्भीर रोगको उपचारसमेत बीमाबाट हुने व्यवस्था गर्न सुविधा थैली परिमार्जन गर्ने योजना सरकारले बताएको छ ।

यसैगरी बीमा सेवाको सुशासन र वित्तीय स्थायित्वका लागि बीमा बोर्डको पुनर्संरचना गर्ने विषय पनि नीति तथा कार्यक्रमले समेटेको छ ।

बीमा प्रणालीमाथिको व्ययभार न्यून गर्न सरकारले उपलब्ध गराउने आधारभूत तथा अत्यावश्यक औषधी बीमा प्रणालीमा जोड्नेछ । छरिएका सबै स्वास्थ्य सेवालाई एकीकृत गरी श्रोतको अभावलाई सम्बोधन गर्न सामाजिक सुरक्षा कोष, कर्मचारी सञ्चय कोषलगायत सबै स्वास्थ्य सेवा र उपचार सुविधा दिने संस्थाको सेवा प्रभावकारीता वृद्धि हुने अपेक्षा लिइएको छ ।

नीति तथा कार्यक्रमले निरोगी नेपाल अभियान सञ्चालन गर्नेछ । त्यसमा सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य गर्ने योजना छ । यसले अहिले स्वास्थ्य क्षेत्रमा भइरहेको खर्चको दोहोरोपना हटाउने तथा सीमित श्रोतमा प्रभावकारी स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने अपेक्षा गरेको छ ।

मन्त्री पौडेलले जोड दिँदै आएको उपचारात्मक सेवा सुधारसँगै हरेक वर्षको फागुन महिना नसर्ने रोग स्क्रिनिङ महिना अन्र्तगत कार्यक्रम लागु गरेर रोग लाग्नुपूर्व सजगता बढाउने अपेक्षा गरिएको छ । यसै वर्षबाट मन्त्री पौडेलले कार्यक्रम आरम्भ गरेर महिलाको पाठेघरको मुखको क्यान्सर तथा अन्य नागरिकका लागि नसर्ने रोगको स्क्रिनिङ हरेक वर्ष सञ्चालन गर्ने गरी आरम्भ गरेका थिए ।

मन्त्री पौडेलले सरकारी मस्तिष्क केन्द्र स्थापना गर्न अध्ययन कार्यदल गठन गरेका थिए । कार्यदलको सुझावअनुसार नीति तथा कार्यक्रममा मस्तिष्क, मेरुदण्ड, मानसिक र स्नायु रोग उपचारका लागि काठमाडौँमा अत्याधुनिक राष्ट्रिय न्युरो साइन्स केन्द्र स्थापना गर्ने विषय समावेश छ । यसले सरकारसँग हालसम्म नभएको विशिष्ट अस्पताल थपिनेछ । यसले नागरिकलाई सरकारी अस्पतालमा सुलभ उपचार लिने बाटो खुल्नेछ ।

सरकारी अस्पताल पुरानै ढर्रामा चलेको आम गुनासो छ । एकीकृत प्रणालीमा नहुँदा एक अर्काले सहज तरिकाले रेफर, शय्या भए नभएको निश्चित नहुँदा नागरिकले सास्ती खेप्नु परेको छ ।

यो विषय समेट्न अनलाईन प्रणालीमा शय्या भए नभएको सबै अस्पतालको तथ्याङ्क लिएर एक अर्काबीच रेफर वा सहकार्य गर्न एकीकृत अनलाईन प्रणाली सञ्चालन गर्ने नीति लिइएको छ । नागरिक एपमार्फत नागरिकले सहज पहुँच पाउने गरी कार्यक्रम विकासले सेवा लिन सहजता प्रदान हुनेछ ।

आयुर्वेद सुदृढीकरण र वैकल्पिक चिकित्सा विधि प्रवद्र्धन गर्न योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्ने कार्यक्रम सरकारले ल्याएको छ । यसले आयुर्वेद क्षेत्रमा दक्ष जनशक्ति स्वदेशमा उत्पादन गर्न थप प्रोत्साहन हुने अपेक्षा गरिएको छ ।

नीति तथा कार्यक्रमले सङ्क्रामक रोगको रोकथाम र महामारीको प्रतिकार्यका लागि जनस्वास्थ्य निगरानी प्रणाली सबलीकरण गर्ने नीति लिएको छ ।

यसैगरी, हाल धेरै जिल्लामा देखिएको ऋणात्मक जनसङ्ख्या वृद्धिदरको चुनौती सम्बोधन गर्ने लक्ष्य राखेको छ । पुनस्र्थापना दरभन्दा कम हुन नदिने गरी जनसङ्ख्या नीति तर्जुमा गर्ने विषयलाई नीति तथा कार्यक्रमले सम्बोधन गरेको छ । स्वास्थ्य र जनसाङ्ख्यिक दर्ता प्रणालीलाई एकीकृत स्वास्थ्य सूचना प्रणालीसँग जोड्ने लक्ष्य सरकारले राखेको छ । रासस

# जब १ हजार ताराहरू एक आपसवाट भागिरहेको भेटियो, बैज्ञानिक हैरान




**काठमाडौं ।**
सामान्यतया जब हजारौं ताराहरू ग्याँस क्लाउडबाट एकसाथ जन्मिन्छन्, तिनीहरू लाखौं वर्षसम्म समूहमा बाँधिएर बसेका हुन्छन्। तर, अहिले वैज्ञानिकहरूले दुई करोड वर्ष पुरानो तारा समूह पत्ता लगाएका छन् तर यसका ताराहरू आ आफ्नो बाटोमा लागिरहेका छन्।

यो अभूतपूर्व घटनाले खगोलविद्हरु चकित भएका छन् । युरोपेली अन्तरिक्ष एजेन्सीको ग्याया मिसनबाट प्राप्त डाटाको आधारमा संयुक्त राज्य अमेरिकाको वेस्टर्न वाशिंगटन विश्वविद्यालयका खगोलशास्त्री डिलन हसन र उनको टोलीले यो अद्धितीय क्लस्टर पत्ता लगाएका हुन् ।

ओफिचस नक्षत्रको नामबाट यसलाई 'ओफियन' नाम दिइएको हो, यो क्लस्टर पृथ्वीबाट करिब ६५० प्रकाश वर्षको दूरीमा अवस्थित छ ।

ओफियनमा लगभग १ हजार युवा ताराहरू रहेका छन्, तर ग्याया डाटाले यो देखायो कि यी सबै ताराहरू यति छिटो गतिमा चलिरहेका छन् कि चाँडै यो सम्पूर्ण समूह टुट्ने अवस्थामा छ। जबकि सामान्यतया यस्ता तारा समूहहरू विघटन हुन करोडौं वर्ष लाग्छ। उदाहरणको लागी प्लेयाडीज क्लस्टर १०० मिलियन वर्ष पुरानो हो भने बीहाइव क्लस्टर लगभग ६०० मिलियन वर्ष पुरानो छ र दुबै अझै पनि अपेक्षाकृत एकताबद्ध नै रहेका छन्।

गाया मिसनबाट प्राप्त डाटाले ओफियनका ताराहरूको गति २० किलोमिटर प्रति सेकेन्डमा फैलिरहेको देखिएको छ। यसको मतलब क्लस्टरमा सबैभन्दा छिटो र सुस्त ताराहरूको गतिमा २० किमी प्रति सेकेण्डको भिन्नता छ, जुन धेरै असामान्य र अस्थिर अवस्था हो। यस्तो तीव्र गतिको कारण ओफिअनका ताराहरू अब गुरुत्वाकर्षण बलद्वारा एकसाथ समातिने छैनन् र धेरै नै चाँडै अलग हुनेछन्।

अलग हुनुका कारण

वैज्ञानिकहरूले यसको स्पष्ट जवाफ फेला पारेका छैनन्। तर गाया डाटाको नजिकबाट जाँच गर्दा उनीहरूले केही 'सुपर बबल' हरू फेला पारेका छन । अर्थात्, विशाल ग्याँस मुक्त क्षेत्रहरू जुन नजिकैको सुपरनोभा विस्फोटहरूद्वारा सिर्जना गरिएको हुन सक्छ। यो विश्वास गरिन्छ कि जब ताराहरू ओफियनमा जन्मिरहेका थिए, यी विस्फोटहरूले बाँकी ग्याँस उडाएको हुन सक्छ। यो ग्याँस निस्कने कारणले क्लस्टरको कुल द्रव्यमान घट्यो र यसको गुरुत्वाकर्षण बल कमजोर हुन पुग्यो । जसका कारण ताराहरू आ आफ्नो बाटोमा हिँड्न थाले। यसको अतिरिक्त अन्य नजिकैका तारा समूहहरूको गुरुत्वाकर्षण तानेकाले पनि ओफियनका ताराहरूलाई अलग्गिन थप वेग दिएको हुन सक्छ।

खासमा, ओफियनको खोज परम्परागत विधिबाट सम्भव थिएन। डिलन हसन र मरीना कोन्केलको टोलीले नयाँ एआई आधारित मोडेल गिया नेट प्रयोग गरेको थियो । यसले एकैसाथ लाखौं ताराहरूको स्पेक्ट्रा विश्लेषण गर्न सक्छ। यस समयमा ओफियन उनीहरूको डाटामा देखा पर्‍यो।

अहिलेसम्म हाम्रो नजरबाट लुकेर बसेका यस्ता युवा तारा समूहहरु अरु पनि हुन सक्ने वैज्ञानिकहरुको विश्वास छ । पहिलेका विधिहरूले केवल क्लस्टरहरू फेला पारेका थिए, जसका ताराहरू एउटै दिशामा सरेका थिए। ओफियन जस्ता क्लस्टरहरू जसका ताराहरू अनियमित रूपमा अलग हुनका लागि विस्तार भइरहेको देखियो । एजेन्सी

# बैज्ञानिकहरूले फेला पारे डाइनोसर युगको ११३ मिलियन बर्ष पुरानो कमिला




**काठमाडौं ।**
११३ मिलियन वर्ष पुरानो कमिला फेला परेको छ, जुन डायनासोरसँगै पृथ्वीमा हिँड्ने गर्दथ्यो ।

ब्राजिलको उत्तरपूर्वी भागमा भेटिएको यो पुरानो कमिलालाई वैज्ञानिकहरूले 'हेल एन्ट' भनेका छन् । यो 'हेल एन्ट' अहिलेसम्म भेटिएको कमिलामध्ये सबैभन्दा पुरानो हो। यसको आयु लगभग ११३ मिलियन वर्ष अनुमान गरिएको छ। यसको खोजको पूर्ण विवरण 'करेन्ट बायोलजी' जर्नलमा प्रकाशित भएको छ । विशेष कुरा के हो भने यो कमिला चुनढुङ्गामा संरक्षित अवस्थामा भेटिएको छ भने यसअघि पाइने सबैभन्दा पुरानो कमिलाको नमूना एम्बरमा थियो । यी एम्बर नमूनाहरू फ्रान्स र म्यानमार (बर्मा) बाट फेला परेका थिए।

यो कमिलाले वैज्ञानिकहरुलाई छक्क पारेको छ । यस खोजले पृथ्वीमा जीवनको विकासको सन्दर्भमा धेरै नयाँ प्रश्नहरू खडा गरेको छ। एन्डरसन लेप्को र उनको टोली, जो साओ पाउलो विश्वविद्यालयको प्राणीशास्त्र संग्रहालयसँग सम्बन्धित छन्, यो आश्चर्यजनक खोजको पछाडी सदैव दौडिरहेका हुन्छन्। टोलीले ब्राजिलको 'क्रेटो फर्मेसन' नामक ठाउँबाट यो कमिला पत्ता लगाएको हो । यो क्षेत्र उत्कृष्ट जीवाश्म संरक्षणको लागि विश्वभर प्रसिद्ध छ। चट्टानमा यति पुरानो 'हेल कमिला' देखेको यो पहिलो पटक भएको लेप्को बताउँछन् ।

यो सामान्य कमिला थिएन। यसको बङ्गारा अनौठो तरिकाले बनेको थियो, जसले यसलाई शिकारका लागि विशेष बनाएको थियो। टोलीले माइक्रो–सीटी स्क्यानिङ प्रविधि प्रयोग गरी शरीरको भित्री भागको थ्रीडी इमेजिङ गरेको थियो। जसको परिणामहरूवाट बैज्ञानिकरू निकै नै स्तब्ध भएका थिए। यस्तो जटिल संरचना यस कमिलाको खुवाउने उपकरणमा भेटिएको थियो, जसले त्यो समयका कमिलाहरूले पनि विशेष तरिकाले शिकार गर्न सिकेको देखिएको छ। अर्को विशेष कुरा के हो भने यो कमिला म्यानमारको एम्बरमा पाइने 'नरक कमिला' सँग मिल्दोजुल्दो छ । अर्थात् ११३ मिलियन वर्षअघि नै कमिलाहरू विश्वभर फैलि सकेका थिए र उनीहरूले शिकार गर्ने तरिकामा विशेष प्रकारको विविधता विकास गरिसकेका थिए। यस खोजले हामीलाई कमिलाको विकासलाई नयाँ दृष्टिकोणबाट हेर्ने अवसर मात्र प्रदान गर्दैन, डायनासोरसँगै पृथ्वीमा कति रोचक र जटिल जीवन प्रणालीहरू विकास भएको थियो भन्ने कुरा पनि पुष्टि गरेको छ । एजेन्सी

# कानूनी प्रावधानलाई व्यावहारिक रूपमा कार्यान्वयन गरौँः अध्यक्ष दाहाल



**काठमाडौँ ।**
राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न बनेका संवैधानिक र कानूनी प्रावधानलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराएका छन ।

विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा शुभकामना सन्देश प्रवाह दिँदै अध्यक्ष दाहालले स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण पत्रकार र पत्रकारिता क्षेत्रसँग सम्बन्धित सबै सङ्घसंस्था, सञ्चार माध्यम र अभिव्यक्ति स्वतन्त्रता पक्षधर सबैमा शुभकामना व्यक्त गरेका छन ।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको लागि विभिन्न समयमा भएका सङ्घर्षमा प्राणोतसर्ग गर्नुहुने सम्पूर्ण पत्रकार सहिदहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै अध्यक्ष दाहालले यस दिवसले राज्यलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न एवम् पत्रकारहरूलाई सत्य, निष्पक्ष, नैतिक र उत्तरदायी पत्रकारिता गर्नेतर्फ प्रेरित गर्ने विश्वास व्यक्त गरेका छन ।

'यस वर्षको प्रेस स्वतन्त्रता दिवस प्रेस स्वतन्त्रता र सञ्चार माध्यममा कृत्रिम बुद्धिमत्ताको प्रभावका सन्दर्भमा केन्द्रित रहेको छ', अध्यक्ष दाहालले सन्देशमा भनेका छन, 'विज्ञान प्रविधिको नवीनतम विकासका रूपमा एआइको प्रवेशले पत्रकारिता क्षेत्रमा यसको सकारात्मक योगदानसँगै गलत सूचना, निगरानी र डिपफेकजस्ता चुनौतीहरूसमेत सिर्जना गरेको छ । पत्रकारिता क्षेत्रले यस प्रविधिलाई सदुपयोगसहित उत्तरदायी, पारदर्शी र नैतिक पत्रकारिताको अभ्यासलाई निरन्तरता दिनुपर्ने आवश्यकता अझ बढाएको छ ।'

नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनका लागि भएका विभिन्न सशक्त र सशस्त्र सङ्घर्षको बलमा प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नयाँ संविधान र त्यसको कार्यान्वयनमा नेपाली प्रेसले निर्विकल्प भूमिका खेलेको यथार्थलाई सबैले स्वीकार्नु पर्ने स्पष्ट पार्दै अध्यक्ष दाहालले नेपाली पत्रकारिता जगतले दुर्गम क्षेत्र, पीडित वर्ग, सीमान्तकृत समुदाय र आवाजविहीनका आवाजलाई राष्ट्रिय बहसको केन्द्रमा ल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरेका छन ।

नेपालको संसदीय अभ्यासलाई अझ प्रभावकारी, पारदर्शी र जनमुखी बनाउन प्रेस जगतले संसद्, सरकार र राज्यका समग्र पक्षलाई निरन्तर दिएको खबरदारी र सुझावले रचनात्मक सहयोग पुगेको उनले उल्लेख गरेका छन ।

सञ्चारकर्मीहरूले कुनै पनि दबाब, प्रभाव र अवरोधबिना पेशागत उत्तरदायित्व निर्वाह गर्न पाउने वातावरण सुनिश्चित गर्न राज्य, समाज र सबै सरोकारवालाहरूलाई अध्यक्ष दाहालले सचेत गराएका छन । रासस

# सञ्चार जगत् संविधान प्रदत्त अधिकारको पूर्ण प्रयोग र रक्षार्थ निर्भयपूर्वक लागिरहनेछः राष्ट्रपति पौडेल

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले सञ्चार जगत् संविधान प्रदत्त अधिकारको पूर्ण प्रयोग र रक्षार्थ निर्भयपूर्वक लागिरहने विश्वास व्यक्त गरेका छन ।

विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) का अवसरमा शनिवार शुभकामना सन्देश दिँदै राष्ट्रपति पौडेलले विश्वासका साथ राज्यका तीनवटै अङ्गलाई सजग र सतर्कतापूर्वक कार्य सम्पादन गर्न र आमनागरिकलाई सत्य सूचना सम्प्रेषित गर्न सफलता प्राप्त होस् भन्ने विश्वास व्यक्त गरेका हुन ।

उनको सन्देशमा भनेका छन 'निरङ्कुश शासनको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनामा नेपाली प्रेस जगत्ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको तथ्य हामी सबैलाई विदितै छ । स्वतन्त्र र निष्पक्ष पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य सर्त हो । प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ हो । त्यही भएर नेपाली प्रेसले लोकतन्त्रका लागि भएका आन्दोलनहरूमा धेरै ठूलो योगदान गरेको छ ।'

प्रेस स्वतन्त्रता प्रेसको मात्र नभएर नागरिकहरूको सुसूचित हुन पाउने संवैधानिक हक कार्यान्वयन गर्न पनि उत्तिकै अनिवार्य हुने र यसले शासन प्रणालीलाई पारदर्शी र उत्तरदायी बनाउन मद्दत उल्लेख गर्दै राष्ट्रपपित पौडेलले समग्र समाजको लोकतान्त्रीकरणको अभियानको प्रेस स्वतन्त्रता महत्त्वपूर्ण पक्ष हो भनेका छन ।

'प्रेस जति तटस्थ, स्वतन्त्र र सबल हुन्छ लोकतान्त्रिक व्यवस्था त्यति नै सुदृढ हुँदै



जान्छ, यसका लागि आवश्यक वातावरण निर्माण गर्नु हामी सबैको जिम्मेवारी हो । हाम्रो संविधानले पूर्ण प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गरेको छ । सूचना सङ्कलनदेखि त्यसलाई प्रवाह गर्ने प्रक्रियासम्म निर्वाधरूपमा संलग्न हुन पाउनु नै सही अर्थमा प्रेस स्वतन्त्रता हो,' राष्ट्रपति पौडेलको सन्देशमा भनेका छन 'बहुलवादमा आधारित पत्रकारिताको अभ्यासले हरेक प्रकारका समाचारहरूमाथि सबै नागरिकको सहज पहुँच स्थापित गर्दछ र सञ्चारमाध्यमबाट सबै वर्ग–समुदायको आवाज मुखरित हुन्छ ।'समाजमा विभिन्न कालखण्डहरूमा अनेक खालका अफवाहहरू फैलन सक्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलले अफवाहले नागरिकहरूलाई दिग्भ्रमित गर्ने र सही विचार निर्माण गर्नमा समस्या नहुने गरी स्वतन्त्र पत्रकारिताले सत्यको अन्वेषण र तथ्यको सम्प्रेषण गरी समाजमा सही र सत्य कुरा स्थापित गर्ने अझ बढी मिहिनेत गर्नुपर्नेमा जोड दिएका छन ।

बढ्दो सामाजिक सञ्जालको प्रयोग र यसका माध्यमबाट प्रवाहित हुन सक्ने कतिपय मिथ्या र भ्रामक सूचनाले नागरिकलाई दिग्भ्रमित पार्न सक्ने तथा समग्र व्यवस्थालाई कमजोर बनाउने चुनौती हाम्रा सामु रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यस्ता चुनौती सामना गर्दै जनतालाई सत्य, तथ्य र विश्वसनीय सूचना प्रवाह गर्ने आजको दिनले नेपाली प्रेस जगतलाई थप ऊर्जा, हौसला र उत्प्रेरणा देओस् भन्ने कामना व्यक्त गरेका छन ।

'जनताको ठूलो त्याग, सङ्घर्ष र बलिदानबाट हामीले आज सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्त गरेका छौँ । हाम्रो लामो राजनीतिक सङ्घर्ष पूरा भएर अब मुलुक आर्थिक रूपान्तरणमार्फत समृद्धिको बाटोमा अघि बढेको छ । मुलुकको यो आवश्यकतालाई ध्यानमा राखेर नेपाली प्रेस त्यसैतर्फ केन्द्रित हुँदै जानेछ भन्ने अपेक्षा गरेको छु', राष्ट्रपति पौडेलले आफ्नो सन्देशमा भनेका छन, 'नेपाली सञ्चार जगत् संविधान प्रदत्त अधिकारको पूर्ण प्रयोग र रक्षार्थ निर्भयपूर्वक लागिरहनेछ भन्ने पूर्ण विश्वासका साथ राज्यका तीनवटै अङ्गलाई सजग र सतर्कतापूर्वक कार्य सम्पादन गर्न र आमनागरिकलाई सत्य सूचना सम्प्रेषित गर्न सफलता प्राप्त होस् भन्ने शुभकामना दिन चाहन्छु ।'रासस

# ट्र्याक खुलेको २४ वर्षपछि स्तरोन्नतिः तीन पालिकाका बासिन्दा लाभान्वित हुने

**तनहुँ ।**
तनहुँको शुक्लागण्डकी नगरपालिका–३ स्थित वनकेवाबाट सुरू हुने दुलेगौडा–हर्कपुर मोटर मार्ग ट्र्याक खुलेको २४ वर्षपछि स्तरोन्नतिको काम थालिएको छ ।

उक्त सडकमा स्तरोन्नतिपछि जिल्लाका शुक्लागण्डकी, म्याग्दे र व्यासका गरी तीन पालिकाका तीन हजार बढी नागरिक प्रत्यक्ष लाभान्वित हुने भएका छन् । शुक्लागण्डकीका नगरप्रमुख कृष्णराज पण्डितका अनुसार उक्त मार्गको पाँच÷सात पटक ठेक्का लागे पनि निर्माण कम्पनीका कारण कामले गति लिन सकेको थिएन, अहिले बल्ल काम सुरू गरिएको छ ।

आर्थिक अभावका कारण निर्माण कम्पनीले काम अघि बढाउन नसक्ने जनाएपछि नगरप्रमुख पण्डितले इन्धनलगायत आवश्यक वस्तु खरिदमा 'ग्यारेण्टी' बसेपछि निर्माण कार्यले गति लिएको हो । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयमार्फत २९ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । आठ वर्षदेखि अलपत्र हुँदै आएको यस मार्गको सोही वडाको जिरो टारदेखि वनकेवासम्मको तीन किलोमिटर दूरीमा कालोपत्रेका लागि काम सुरू गरिएको हो ।

निर्माण कम्पनीलाई निर्माण कार्य अघि बढाइदिनुस्, बिल आएपछि भुक्तानी दिनुहोला भनेर फकाएर काम लगाएपछि काम गर्न राजी भएको नगरप्रमुख पण्डितले बताए । उनले भने 'अलपत्र हुदै आएको यस मार्गको स्तरोन्नतिसहित कालोपत्रे कार्य ढिलै भए पनि अघि बढाइएको छ, यस वर्ष वनकेवासम्मको तीन किमि सडक कालोपत्रेका लागि बेस बिच्छाउने कार्य भइरहेको छ ।'

नगरपालिकाको आर्थिक स्रोतबाट दुई करोड रुपैयाँ विनियोजन गरी जिरोटार खण्डसम्म करिब दुई किमी सडक नाला, कालोपत्रे र ढलान कार्य यसअघि नै सम्पन्न गरिसकेको छ । त्यसपछिको दुलेगौडा–हर्कपुर मोटर मार्ग खण्डमा ठेक्का लागेको हो, उनले भने, 'आठदेखि नौ मिटर चौडाइमा साढे पाँच मिटर सडक कालोपत्र हुनेछ ।'

उनका अनुसार अन्तिम विन्दु जिल्लाको म्याग्दे–६ मा जोडिनेछ, जसमा आठ किमी सडक स्तरोन्नतिसहितको कालोपत्र गरिनेछ । यस वर्ष पाँच किमी कालोपत्र गरी अर्को वर्ष बाँकी रहेको तीन किमी मार्गमा कालोपत्र पूरा गर्ने लक्ष्य राखिएको छ ।

दुलेगौडा–हर्कपुर मार्गमा कालोपत्र गर्ने वर्षौंदेखिको चाहना अब पूरा हुने क्रममा रहेको छ । पूर्वाधार विकास कार्यालय नवलपुरले सडक कालोपत्रका लागि शङ्कर माली कन्स्ट्रक्सन प्रालिसँग सम्झौता गरेको थियो । विसं २०७६ कात्तिक ४ गते सम्झौता गरी निर्माण कार्य थालिएको यस मार्गको हालसम्म २५ प्रतिशतमा रोकिएको थियो । ठेक्का पाएको कम्पनीले ढिलासुस्ती गर्दा वर्षौंसम्म अलपत्र बनेको दुलेगौँडा–हर्कपुर मोटर मार्गको स्तरोन्नति कार्यले तीव्रता पाउन थालेपछि स्थानीयवासी खुसी भएका छन् ।

नगरपालिकाको चर्को दबाबपछि निर्माण कम्पनी अहिले काममा फर्किएको छन् । शङ्करमाली जेभिका प्रतिनिधि श्याम लामा अहिले मोटर मार्ग निर्माणमा आफै खटिएर स्तरोन्नतिको काम गर्न थालेको वडाध्यक्ष सचिन भुजेलले जानकारी दिए ।

शुक्लागण्डकी नगरपालिकाका मेयर कृष्णराज पण्डितले दुलेगौडा हर्कपुर मोटर मार्गमा भइरहेको कामको अवलोकन गर्दै जनताको अपेक्षाअनुसार निर्माण कार्यलाई तीव्रता दिन निर्माण कम्पनीका लामालाई निर्देशन दिँदै आएका छन । रासस

# सङ्घीय लोकतान्त्रिक गणतन्त्र एवं संविधानको कार्यान्वनमा प्रेसको भूमिका सराहनीयः अध्यक्ष प्रचण्ड



**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास एवं संविधानको कार्यान्वनमा प्रेसको भूमिका सराहनीय भएको बताएका छन ।

विश्व प्रेस स्वतन्त्रता दिवस (मे–३) का अवसरमा शनिवार शुभकामना सन्देश दिँदै उहाँले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्दै पत्रकारहरूलाई सत्य, निष्पक्ष र उत्तरदायी पत्रकारितामा प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरेका छन ।'नेपालको राजनीतिक तथा सामाजिक परिवर्तनका लागि भएका आन्दोलन एवं महान जनयुद्धको बलमा प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, संविधानको कार्यान्वनमा नेपाली प्रेसको भूमिका सराहनीय छ', अध्यक्ष दाहालले सन्देशमा भनेका छन, 'प्रेस स्वतन्त्रता दिवस मनाइरहँदा संवैधानिक र कानूनी प्रावधानलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु आजको अवश्यकता हो, यस आवश्यकतालाई व्यावहारतः कार्यान्वन गर्न प्रेस जगत निरन्तर लाग्ने विश्वास लिएको छु ।'

अध्यक्ष दाहालले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रताको सम्मान र संरक्षण गर्दै समृद्ध, उन्नत र समतामूलक समाज निर्माण गर्न प्रेरित गरोस् कामना गरे ।रासस

# प्रेस स्वतन्त्रतामा आँच आउन नदिन संसद् सधैँ सजग र चनाखो छः सभामुख

**काठमाडौं ।**
सभामुख देवराज घिमिरेले प्रेस स्वतन्त्रतामा आँच आउन नदिन संसद् सधैँ सजग र चनाखो रहने प्रतिबद्धता व्यक्त गरेका छन ।

विश्व प्रेस स्वतन्त्रता दिवस २०२५ को अवसरमा शनिवार सञ्चारकर्मी, सञ्चारमाध्यम, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा वकालत गर्ने अगुवा एवं आम जनसमुदायमा शुभकामना व्यक्त गर्दै उहाँले त्यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन ।

सभामुख घिमिरेले सन्देशमा भनेका छन,'नेपालको संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ । प्रेस स्वतन्त्रताको प्रत्याभूति संविधानको आत्मा हो, जसको रक्षा गर्नु संसद्को पनि प्रमुख दायित्व हो ।'

प्रेस स्वतन्त्रता भनेको केवल पत्रकारको हक मात्र नभई, सुसूचित हुन पाउने जनताको पनि हक भएको उनको भनाइ छ । उनले स्वतन्त्र प्रेसको माध्यमबाट मात्र समाजमा सत्य, जवाफदेहिता र सुशासन स्थापित हुने पनि उल्लेख गरहेका छन । उनले भने, 'विश्व प्रेस स्वतन्त्रता दिवस प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, प्रवद्र्धन र सरोकारका विषयहरूमा गम्भीर बहस गर्न प्रेरित गर्ने महत्त्वपूर्ण अवसर हो ।'रासस

# अप्रिलमा भित्रिए एक लाख १६ हजार विदेशी पर्यटक

**काठमाडौं ।**
सन् २०२५ को अप्रिल महिनामा हालसम्मकै उच्च सङ्ख्यामा विदेशी पर्यटक नेपाल भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अप्रिल महिनामा मात्रै एक लाख १६ हजार ४९० विदेशी पर्यटक नेपाल आएका छन् । नेपालको पर्यटनमा अप्रिल महिनाको विदेशी पर्यटक आगमनमा रेकर्ड कायम भएको बोर्डले उल्लेख गरेको छ ।

अप्रिलमा सबैभन्दा बढी भारतबाट २५ हजार ९३३, अमेरिकाबाट १० हजार ५३, चीनबाट नौ हजार ३७ र संयुक्त अधिराज्य बेलायतबाट छ हजार ८३८ पर्यटक नेपाल भित्रिएका छन् । पछिल्लो आँकडा हेर्दा भारतीय र चिनियाँ पर्यटक बढ्न सकेका छैनन् ।बोर्डका अनुसार सन् २०१९ को तुलनामा १०६ दशमलव ५ प्रतिशतले विदेशी पर्यटक आगमनमा बढोत्तरी भएको छ ।

कोरोना महामारीपूर्व सन् २०१९ को अप्रिल महिनामा सबैभन्दा धेरै एक लाख नौ हजार ३९९ विदेशी पर्यटक नेपाल आएका थिए । सन् २०२४ को अप्रिलमा एक लाख ११ हजार ३७६ जना विदेशी पर्यटक नेपाल आए भने सन् २०२३ को अप्रिलमा ९८ हजार ७७३ जना पर्यटक नेपाल भित्रिएका थिए । 'हामीले आधिकारिक रुपमा १०६ दशमलव ५ प्रतिशत पूर्व–महामारी स्तरमा पुगेका छौँ, यसले बलियो 'रिकभरी' र नेपालमा बढ्दो विश्वव्यापी चासो देखाउँछ', बोर्डले उल्लेख गरेको छ ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले अप्रिल महिनाको पर्यटक आगमन उत्साहवद्र्धक रहेको बताए । 'यो वृद्धि नेपालको स्थायी आकर्षण र पर्यटन सभ्यताको प्रमाण हो', उनले भने ।

बोर्डको विवरणमा वर्षको चार महिना (जनवरी–अप्रिल) को अवधिमा चार लाख १५ हजार ४८ पर्यटक नेपाल भित्रिएका छन् । जनवरीमा ७९ हजार ९९१, फेब्रुअरीमा ९६ हजार ८८० र मार्चमा एक लाख २१ हजार आठ सय विदेशी पर्यटक नेपाल आएका थिए ।रासस

# बितेको वर्ष प्रेस स्वतन्त्रता हननका ७६ घटना

**काठमाडौँ ।**
पछिल्लो एक वर्षमा प्रेस स्वतन्त्रता हननसम्बन्धी ७३ वटा घटना भएका छन् । नेपाल पत्रकार महासङ्घ, सञ्चार अनुगमन इकाइका अनुसार सन् २०२४ मे ४ देखि २०२५ अप्रिल ३० सम्ममा भएका ७३ वटा घटनामा १५१ पत्रकार र पाँच वटा सञ्चार संस्था आक्रमणमा परेका छन् ।

महासङ्घका अनुसार उक्त अवधिमा दुई जना पत्रकारको हत्या भएको महासचिव रामप्रसाद दाहालले जानकारी दिए । यस्तै, पेशागत असुरक्षाका १६ वटा घटना अभिलेख भएका छन् । पत्रकारमाथि धम्की, धरपकड तथा दुव्र्यवहारका अत्यन्त निन्दनीय घटना यस अवधिमा भएका छन् जसलाई लोकतन्त्र माथिकै प्रहार भएको महासङ्घको ठहर छ ।

शनिवार विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा महासङ्घले उक्त तथ्य सार्वजनिक गरेको हो ।

सन् १९९१ मा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहोकमा भएको पत्रकारहरूको सम्मेलनले प्रेस स्वतन्त्रताको पक्षमा घोषणा–पत्र जारी गरेको थियो ।

योसँगै युनेस्कोले सन् १९९३ देखि प्रत्येक वर्ष मे ३ मा विश्व प्रेस स्वतन्त्रता दिवस मनाउने प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घले अनुमोदन गरेपछि विश्वभर यो दिवस मनाउन सुरु भएको हो ।

महासङ्घले गत चैत १५ गते काठमाडौँ तीनकुनेमा भएको हिंसात्मक आन्दोलनमा पत्रकार सुरेश रजकको हत्या, सञ्चारमाध्यममाथि आगजनी र आक्रमण, शिक्षक आन्दोलनमा समाचार सङ्कलनका क्रममा पत्रकार सविना कार्कीमाथि भएको ज्यादती, घरानका पत्रकार गोपाल दाहालमाथि स्थानीय सरकारको प्रमुखबाटै भएको भौतिक आक्रमणको धम्की तथा मानसिक यातनाको घटनाका कारण विस्थापित हुनुपरेको घटनामा खेद प्रकट गरेको छ ।रासस



चैते धानखेतीः पर्साको ठोरी गाउँपालिका–३, सिकारीबासमा किसानले लगाएको चैते धान । चितवन र पर्सा राष्ट्रिय निकुञ्जबाट आउने जङ्गली हात्तीलगायत जनावरले अन्यबालीमा क्षति पुऱ्याउने गरेको कृषक बताउँछन् । तस्बिरः हिमाल लम्साल–रासस

# आधा दर्जन ताल्चा फोडेर सहकारी संस्थामा लाखौँको चोरी



**मनोज माझी**
**राजविराज ।**

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका–४ बेल्हास्थित अमसोत सामुदायिक कृषि सहकारी संस्थामा शुक्रबार मध्यराति आधा दर्जन ताल्चा फुटाएर चोरी भएको छ । चोरले संस्थाको कार्यालयको मूल ढोकासहित कार्यालय कोठा र दराजका ६ वटा ताल्चा फोडेर नगद र सिसी क्यामराको डिभाइस बक्ससहित ३ लाख रुपैयाँ भन्दा बढीको सम्पत्ति चोरेर लगेका छन् ।

कार्यालयमा कोही नभएको मौका छोपी मध्यरातमा ताल्चा फुटाएर भित्र प्रवेश गरेका चोरले ३ लाख १८ हजार २ सय ९५ रुपैयाँ नगद तथा सिसी क्यामराको डिभाइस चोरेर लगेको संस्थाकी अध्यक्ष सुमित्रा देवी चौधरीले बताइन् ।

विभिन्न बचतकर्ताबाट संकलित रकम राखिएको दराजको ताल्चा फुटाएर चोरले लगेको संस्थाका लेखापाल अशोक कुमार यादवले बताए । बचतकर्ताबाट संकलित रकम नजिकैको माछापुच्छ«े बैंकमा जम्मा गर्ने गरिए पनि शुक्रबार कार्यालय समयसम्म संकलित रकम बैंकमा जम्मा गर्न नभ्याएको र आइतबार बैंक खुलेपछि जम्मा गर्ने सोच बनाएको उनको भनाइ छ ।

संस्थाकी कार्यालय सहयोगी कृष्णाकुमारी चौधरीले शनिबार बिहान सरसफाइका लागि आउँदा मात्र चोरी भएको थाहा पाएको बताइन् । त्यसपछि उनले संस्थाकी अध्यक्ष चौधरी र व्यवस्थापक रामी यादवलाई फोन गरेर जानकारी गराएकी थिइन् । 'बिहान आउदा मूलगेटदेखि कार्यालयको सबै कोठाको ताल्चा फुटेको देखेपछि म त अक्क न बक्क भएँ,' उनले भनिन्, 'तत्कालै अध्यक्ष र व्यवस्थापकलाई फोन गरेर जानकारी गराए ।' चोरी घटनाको खबर पाएलगत्तै इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधव प्रसाद काफ्लेको नेतृत्वमा पुगेको टोलीले चोरी घटनाको अनुसन्धान शुरु गरेको जनाएको छ ।

प्रहरी नायब उपरीक्षक काफ्लेले संस्थाका कर्मचारीहरुसँग आवश्यक सोधपुछ तथा घटनास्थलको निरीक्षणपश्चात् चोरी कार्यमा संलग्न अपराधीको खोजी तीब्र बनाइएको जानकारी दिए ।

# सहकारी संस्था उच्च प्रविधियुक्त बनाउनुपर्छ

**निरन्जनकुमार साह**
**जनकपुरधाम ।**

सहकारी संस्थाहरुको विकासका लागि सहकारी ऐन र कानूनको प्रभावकारीरूपमा कार्यवन्यनमा जोड दिइएको छ । सहकारी संस्थाहरुमा सुशासन र उच्च प्रविधि प्रयोग गर्न सहकारी संस्थामा सफ्टवेयर प्रयोगसम्बन्धी जनकपुरधाममा शुक्रबार एकदिने अन्तरक्रिया कार्यक्रममा यस्तो बताइएको हो ।



मधेश प्रदेशका विभिन्न एकसय भन्दा बढी सहकारी संस्थाका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेकोे अन्तरक्रियामा सफ्टवेयर प्रयोगले हुने उपलब्धी, फाइदालगायतका विषयमा जानकारी गराइएको थियोे । सहकारी ऐन र नियमको पालना, राष्ट्रिय बैंकको निर्देशनसम्बन्धी सहकारी रजिस्ट्रार कार्यालयद्वारा स्वीकृत रिपोर्ट संकलनको जानकारी र दुई मिनेटभित्र डाउनलोड–अपलोड गर्न सकिनेलगायतका व्यवहारिक तथा प्राविधिक विषयमा सहकारी विज्ञ किरण पौडेलले प्रशिक्षण दिए ।

कार्यक्रम उद्घाटन गर्दै राष्ट्रिय सहकारी महासंघका सञ्चालक नथुनी यादवले सहकारीको विकास र विस्तारका लागि सहकारी ऐन र कानूनको पूर्ण पालना र पार्दर्शीतामा जोड दिनुपर्ने बताए । सहकारी संस्थाहरुले गरिबी निवारण, बेरोजगारी समस्याको समाधान र समाजको आर्थिक विकासमा खेलेको भूमिकाबारे विश्लेषण गर्दै उनले सहकारीप्रतिको नकारात्मक भावना हटाउन सबैलाई आग्रह गरे । सफ्टवेयरको विकास गरेका भन्दै सम्पूर्ण सहकारीलाई प्रयोग गर्न उनले अनुरोध गरे ।

मधेश प्रदेशका सहकारी रजिस्ट्रारको कार्यालयका अधिकृत वाशुदेव भट्टले सहकारीमा भएको समस्या हटाउन एवम् सुशासन कायम गर्न सफ्टवेयरको प्रयोगबाट ठूलो सहयोग पुग्ने बताए । कार्यक्रममा समाजसेवी कृष्ण दीक्षित तथा स्वस्तिक बचत तथा ऋण सहकारी संस्थाका प्रमुख व्यवस्थापक विनोद थापाले पनि सहकारीका समस्याबारे धारणा व्यक्त गरेका थिए । जिनव आइएनसिद्वारा आयोजित अन्तरक्रियामा राष्ट्रिय बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रामनगिना राउतले सहकारीबाट हुने फायदा र देश तथा समाजको हुने फायदाबारे बोलेका थिए । तेस्रो मुलुकमा रोजगारी गर्नेको रकम सहकारीमा सिधै ल्याउने वातावरण बनाउनु पर्ने सहकारीका अध्यक्ष राउतले बताए ।

# मन्दिरमा चोरी गर्न पल्केका दुई पक्राउ

**मधेशदृष्टि**
**राजविराज ।**

राजविराजको प्राचीनमध्ये एक मुख्य हाटबजारस्थित लक्ष्मी नारायण राधाकृष्ण मन्दिरमा चोरी गर्न पल्केका तथा मूलपुजारीलाई दुव्र्यबहार गर्ने दुई जना प्रहरी फन्दामा परेका छन् । पक्राउ पर्नेमा राजविराज नगरपालिका–५ का २४ वर्षीय विशाल दास र वडा नम्बर ६ का १८ वर्षीय राहुल मेहतर छन् । दुवैलाई मन्दिर समितिका पदाधिकारी र स्थानीयको सहयोगमा प्रहरीले शनिबार घरबाटै पक्राउ गरेको हो । दुवैलाई मन्दिरमा चोरी तथा मूलपुजारी रत्नेश्वर झामाथि दुव्र्यहार गरेको आरोपमा पक्राउ गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

उनीहरुले चैत २६ गते र वैशाख १० गते मन्दिरमा भएको चोरी तथा मूलपुजारी झामाथि भएको दुव्र्यहारमा संलग्न रहेको प्रहरीको भनाइ छ । मूलपुजारी झाको जाहेरीका आधारमा उनीहरुलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

मन्दिरमा चैत २६ गते दानपेटिका तथा इस्कन राजविराजद्वारा सञ्चालित पुस्तक पसल काउन्टरको ताल्चा फुटाएर हजारौँ रकम चोरी भएको थियो । त्यसको दुई साता नबित्दै वैशाख १० गते पुनः मन्दिरको दानपेटिका र पुस्तक काउन्टरको ताल्चा फुटाएर दोश्रो पटक हजारौँ रकम चोरी भएको थियो ।

चोरी घटनामा उनीहरुको संलग्नतासँगै आफूमाथि उनीहरुबाट दुव्र्यहारसमेत भएको भन्दै मूलपुजारी झा प्रहरीमा पुगेका थिए । पक्राउ परेकालाई हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# वीरगंजमा प्रभातफेरी, रौतहटमा अन्तरक्रिया

मधेशदृष्टि
वीरगंज ।

विश्व प्रेस स्वतन्त्रता दिवसका अवसरमा नेपाल पत्रकार महासंघ पर्साले प्रभातफेरी गरेको छ ।

वीरगंजको घण्टाघरबाट आयोजित प्रभातफेरी माईस्थान, आदर्शनगरसहित बजार परिक्रममा गरी पुनः घण्टाघर पुगेर कोणसभामा परिणत भएको थियो ।




कोणसभामा प्रेस तथा अभिव्यक्तिका लागि समयमा भएका संघर्षमा योगदान पु¥याउने सम्पूर्ण पत्रकारप्रति श्रद्धाभाव प्रकट गरिएको थियो । कोणसभालाई सम्बोधन गर्दै वक्ताहरुले विश्व प्रेस दिवसले राज्यलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न एवम् पत्रकारलाई सत्य, निष्पक्ष, नैतिक र उत्तरदायी पत्रकारिता गर्नतर्फ प्रेरित गरोस् भन्दै शुभकामना व्यक्त गरे । नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारीले पछिल्लो समय मुलुकमा स्वतन्त्राको हनन् भइरहेको बताए । उनका अनुसार राज्यकै निकायबाट प्रेस स्वतन्त्रताको हनन भइरहेको देखिएको छ ।

यसैगरी, नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछानेले पत्रकारमाथि भइरहको निरन्तर आक्रमण र दमनको प्रतिकार गर्नुपर्ने बताए । त्यस्तै, महासंघका मधेश प्रदेश अध्यक्ष श्याम बन्जाराले पनि पछिल्लो समय पत्रकार र सञ्चारमाध्यममा आक्रमणका घटना बढिरहेकामा चिन्ता व्यक्त गरे । यस्ता घटनामा संलग्नलाई राज्यले तत्काल कारबाही गर्नुपर्ने आवश्यकता रहेको उनको भनाई छ । नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालले पर्साका पत्रकारको अभिलेखीकरण गर्नेदेखि लिएर पत्रकारको क्षमता अभिवृद्धिसम्बन्धी तालिम पनि गर्ने तयारी भइरहेको बताए ।

एआइबारे अन्तरक्रिया

लोकतान्त्रिक पत्रकार संघ रौतहटले 'कृत्रिम बौद्धिकता (एआइ)' विषयक अन्तरक्रिया गरेको छ । गरुडास्थित होटेल एनपी स्टारमा भएको कार्यक्रममा एआई प्रविधिले पत्रकारिता क्षेत्रमा ल्याइरहेको परिवर्तन, अवसर र चुनौतीबारे गहन छलफल गरिएको थियो । संघका रौतहट संयोजक राजु कुमार श्रीवास्तव(आरके) को अध्यक्षतामा भएको कार्यक्रममा लोसपा नेपालका केन्द्रीय सदस्य रामप्रवेश दास प्रमुख अतिथिए थिए ।

दासले विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा शुभकामना व्यक्त गरे । उनले पत्रकारिता पेशा मर्यादित पेशा भएकाले यसको ख्याल गरी पत्रकारिता गर्न आग्रह गरे । त्यस्तै, बज्जिका भाषा सेवक एवम् साहित्यकार संजय साह मित्रले सञ्चार माध्यम नयाँ हिसाबले गइरहेको बताउँदै जब हामी नक्कल गरिन्छ, त्यहीबेला देखि कृत्रिम बौद्धिकता शुरु भएको बताए । राष्ट्रिय शिक्षक मञ्च रौतहटका अध्यक्ष शिशंकर झाले एआइको प्रयोगले छिटोछरितोकासाथै धेरै नकारात्मक असर परिरहेको बताए । बज्जिका साहित्य संगम रौतहटका अध्यक्ष किसुन दयाल यादव श्रीकृष्णले जमाना एआइको नै आइसकेको धारणा राखे । विश्वकर्मा लोहार संघ रौतहटका अध्यक्ष एवम् स्तम्भकार विवेक शर्माले पूर्णरुपमा एआइमाथि निर्भर हुनुपर्ने अवस्था नरहेको बताए ।

# खुद्रा व्यवसायीको समस्या समाधानमा पहल गरिने




मधेशदृष्टि
वीरगंज ।

वीरगंज उद्योग वाणिज्य संघले खुद्रा व्यवसायीको समस्या समाधानका लागि आपसी छलफल गरेको छ । शनिबार संघको सभाहलमा आयोजना गरिएको छलफलमा खुद्रा व्यवसायीलाई राज्यको कानून भन्दा बाहिर गएर काम नगर्न सुझाव दिँदै कानूनअनुसारको व्यापार व्यवसायमा संघ सधैँ खुद्रा व्यवसायीको साथमा रहने जनाएको छ ।

खुद्रा व्यापारीहरुसँगको अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष हरि गौतमले खुद्रा व्यापारीले भोग्दै आएका विभिन्न समस्या समाधान गर्न संघ तयार रहेको बताए । व्यवसायीको गुनासो सुन्न वीरगंज उद्योग वाणिज्य संघले हटलाइन सेवा व्यवस्था शुरु गर्ने भएको छ । खुद्रा व्यवसायीको समस्यालाई मध्यनजर गर्दै एक हप्ताभित्र निःशुल्क टेलिफोन सेवा शुरु गर्ने संघका अध्यक्ष गौतमले बताए ।

कार्यक्रममा सहभागी खुद्रा व्यापारीले भारतबाट सामान ल्याउँदा भन्सार, प्रहरी प्रशासनलगायतबाट भोग्नुपरेका समस्या सुनाएका थिए । कार्यक्रममा पूर्वअध्यक्ष गोपाल केडियाले वाणिज्यको अनुगमनमा संघले नियमित प्रतिनिधि पठाउने र प्रत्येक महिना खुद्रा व्यापारीसँग बैठक राखेर समस्या बुझ्ने सुझाव दिए । कार्यक्रममा वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, वरिष्ठ उपाध्यक्ष माधव राजपाल, महासचिव शिवजी कलवार, सहकोषाध्यक्ष निरज अग्रवाल, सचिव प्रेमचन्द्र गोयललगायत पदाधिकारी र वीरगंजका खुद्रा व्यापारीको उपस्थिति थियो ।

# हतियारसहित युवक पक्राउ

**राजीव साह**
**सर्लाही ।**

पर्सा गाउँपालिका–२ स्थित रबि होटल नजिकै हतियारसहित बसिरहेका युवकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय नारायणपुरबाट खटिएको प्रहरी टोलीले शनिबार साँझ २३ वर्षीय दीपक साहलाई पक्राउ गरेको हो ।

उनी ईश्वरपुर नगरपालिका–४ का हुन् ।

प्रहरी निरीक्षक किशोरी यादवको कमाण्डमा खटिएको टोलीले साहका साथबाट एक थान सानो कट्टुवा पेस्तोल र एक थान गोली बरामद गरेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डिएसपी) सरोज राईले जानकारी दिए । साहलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयमा राखेर प्रक्रिया अघि बढाएको छ ।

# छठघाटको बाउन्ड्रीवाल शिलान्याश

**मधेशदृष्टि**
**वीरगंज ।**

पर्साको पोखरिया नगरपालिका वडा नम्बर १ बनकटवास्थित छठघाट तथा रामजानकी मन्दिरको बाउन्ड्रीवाल मधेश प्रदेशका खेलकुद तथा समाज कल्याणमन्त्री प्रमोद जयसवाल र पोखरिया नगरपालिकाका नगर प्रमुख प्रद्युमन प्रसाद चौहानले संयुक्त रुपमा शिलान्याश गरेका छन् । मन्त्रालयको २५ लाख रुपैयाँको लागतमा निर्माण हुन लागेको बाउन्ड्रीवालको काम स्टमेटअनुसार गुणस्तरीय गर्न उपभोक्ता समिति तथा ठेकेदारलाई मन्त्री जयसवालले निर्देशन दिए । वडा नम्बर १ को वडा अध्यक्ष प्रमोद गिरीको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख रूबी कुमारी ठाकुर, कार्यपालिका सदस्य राधा साह कानु, नेकपा एमाले पोखरिया नगर कमिटी अध्यक्ष विध्याञ्चल ठाकुर, सचिव सन्तोष गिरी, नेता राजनारायण कुर्मी, समाजसेवी दीपक ठाकुरको सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन